SEMPERIT

# आचारसंहिता



संस्करण 5 – 12/2022

# विषय सूची


| | |
|---|---|
| परिचय | 3 |
| यो आचारसंहिता हाम्रो कम्पास हो | 4 |
| Semperit का संस्थागत मान्यताहरू | 5 |
| यो आचारसंहिता मेरो लागि बनाइएको हो? | 6 |
| तपाईं मार्गदर्शन प्राप्त गर्न कहाँ जान सक्नुहुन्छ (Semperit को उजुरी गर्ने तरिका)? | 8 |
| व्यवसायको अखण्डता र अनुपालना | 9 |
| निष्पक्ष व्यवहार | 10 |
| मानव अधिकार | 10 |
| सामाजिक र श्रमिक मापदण्डहरू | 11 |
| भेदभावरहित | 12 |
| उत्पीडन र दादागिरी | 12 |
| लागु पदार्थ र मदिरा | 12 |
| विश्वव्यापी विविधता र समावेशीकरण | 12 |
| भ्रष्टाचाररहित | 13 |
| हित बाझिने अवस्था | 14 |
| मुद्रा अपचलनको रोकथाम | 15 |
| इन्साइडर नियमहरू | 16 |
| अविश्वास र प्रतिस्पर्धासम्बनी कानुन | 16 |
| निर्यातसम्बन्धी नियन्त्रण र सजायहरू | 17 |
| जालसाजी | 17 |
| आन्तरिक नियन्त्रणसम्बन्धी नियमहरू | 18 |
| सार्वजनिक अनुसन्धानहरू | 19 |
| साइबर सुरक्षा, डेटासम्बन्धी सुरक्षा र संवेदनशील जानकारी | 19 |
| दिगोपन | 20 |
| स्वास्थ्य, सुरक्षा, वातावरण र गुणस्तर | 21 |
| बाह्य सञ्चार | 22 |
| सामाजिक सञ्जाल | 22 |
| आवाज उठाउनुहोस्! | 23 |
| अतिरिक्त जानकारी | 24 |

# परिचय

हामीले १९० वर्षभन्दा अघिदेखि औद्योगिक र चिकित्सकीय क्षेत्रमा प्रयोग गर्नका लागि अति विशेष पोलिमरका उत्पादनहरू विकास, उत्पादन र बिक्री गर्ने गतिलो तरिका र क्षमताअनुसार काम गर्दै आएका छौं। हामी प्राविधिक विकास र नवप्रवर्तनमा अगाडि बढ्न निरन्तर रूपमा संघर्ष गर्छौं। हाम्रो दैनिक व्यवसायका हरेक क्षेत्रमा काम गर्दा अनुपालनासम्बन्धी उच्च मापदण्ड पालना गर्दा हाम्रो कम्पनीका मुख्य कुराहरूलाई बलियो र दिगो बनाउँछ।

Semperit को आचारसंहिताले हामीलाई दैनिक व्यवसायिक कार्यहरूमा मार्गदर्शन गर्छ र हामीले तोकेका मापदण्डहरू र हामीले हाम्रा बाह्य व्यवसायिक साझेदारहरूबाट गर्ने अपेक्षा देखाउँछ। यसले Semperit का नीति, प्रक्रिया र मार्गदर्शनहरूका लागि प्रारम्भिक स्तरका रूपमा काम गर्छ। साथै, यसले विश्वव्यापी रूपमा हाम्रा व्यवसायहरूसँग काम गर्दा कस्तो व्यवहार अपेक्षा गरिएको छ भन्ने कुराका बारेमा अतिरिक्त मार्गदर्शन उपलब्ध गराउँछ।

हामी के बोल्छौं, कस्तो व्यवहार देखाउँछौं र के काम गर्छौं भन्ने कुरा महत्त्वपूर्ण छ। हामी विश्वको जुनसुकै ठाउँमा भए तापनि वा हाम्रो भूमिका वा पेसा जस्तो सुकै भए तापनि हामी अखण्डताका साथ काम गर्छौं। हामी हाम्रा सबै हिस्सेदारहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन पालना गर्छन् र तुलनात्मक मार्गदर्शन, नैतिकता र अनुपालनासम्बन्धी सिद्धान्ताहरूअनुसार काम गर्छन् भन्ने कुरा अपेक्षा गर्छौं। हामीले अखण्डताका साथ काम गर्‍यौं भने हाम्रा ग्राहक, आपूर्तिकर्ता, साझेदार, नियामक, हिस्सेदार र सार्वजनिक र अन्य हिस्सेदारले हामीप्रति बलियो समर्पण र विश्वासका साथ प्रतिक्रिया जनाउँछन्।

हामी यो आचारसंहिता पालना गर्छौं र तपाईं (Semperit कर्मचारी वा व्यवसायको साझेदार) ले कुनै समस्या देख्नुभयो भने तपाईं आवाज उठाउनु हुने छ भनेर विश्वास गर्छौं। व्यवसायमा कुनै पनि प्रकारको दुर्व्यवहार सहन गरिने छैन।

तपाईंलाई यो आचारसंहिताको उल्लङ्घन गर्ने कुनै समस्याका बारेमा थाहा भएमा र यसले Semperit लाई कुनै जोखिम खडा गर्ने भएमा कृपया हाम्रो समस्या रिपोर्ट गर्ने सिस्टम SemperLine प्रयोग गरी सो जोखिमका बारेमा रिपोर्ट गर्नुहोस्। तपाईं नाम नखुलाइकनै रिपोर्ट गर्न सक्नुहुन्छ।

हामी अखण्डता कायम राख्ने कार्यमा समर्पित गर्छौं। Semperit का व्यवसायिक क्रियाकलापहरूका क्रममा यो आचारसंहिता बुझ्नु र पालना गर्नु सबैको जिम्मेवारी हो। तपाईं यसका सामग्रीसम्बन्धी कुनै प्रश्न सोध्न चाहनुहुन्छ भने कृपया आफ्नो प्रबन्धक वा Semperit अनुपालना टोलीलाई सम्पर्क गर्नुहोस्।

तपाईंले निरन्तर रूपमा सहायता दिनुभएकोमा र सही कुरा गर्ने प्रतिबद्धता देखाउनुभएकोमा धन्यवाद।

**कार्यकारी अधिकारीको बोर्ड**
Semperit AG Holding

# यो आचारसंहिता हाम्रो कम्पास हो

## हामीले यो आचारसंहिता लागू गरेका छौं?

यो आचारसंहिता भनेको कार्यस्थलमा हाम्रो व्यवहार मार्गदर्शन गर्ने कम्पास हो। यसले हामीलाई दैनिक रूपमा अझ राम्रा विकल्पहरू छनौट गर्नमा मद्दत गर्ने सन्दर्भको बिन्दुका रूपमा सेवा प्रदान गर्छ।

यसले हामीलाई हाम्रा नीति, मार्गदर्शन र निर्देशनहरूका फ्रेमवर्कका हकमा उच्च स्तरीय मार्गदर्शन प्रदान गर्छ र हामीलाई समान नैतिक मार्ग निर्धारण गर्नमा सघाउँछ। यसले कार्य गर्ने र प्रतिक्रिया जनाउने तरिकाका सम्बन्धमा स्पष्ट मापदण्ड र अपेक्षाहरू तय गर्छ।

→ **अखण्डताका साथ व्यवसाय गर्नु भनेको हाम्रो साझा जिम्मेवारी हो।**

यो आचारसंहिताले Semperit का पक्षमा काम गर्ने सबै कर्मचारी र तेस्रो पक्षले पालना गर्नु पर्ने सिद्धान्त, मापदण्ड र नैतिक अपेक्षाहरू तोक्छ।

यो नियमहरू मात्र होइन। यसले हाम्रा मान्यता र सिद्धान्तहरू झल्काउँछ, हाम्रो अभियानलाई स्पष्ट रूपमा देखाउँछ र तिनलाई पेसागत आचरणका मापदण्डहरूसँग जोड्छ। यसले हामीलाई अखण्डता र अनुपालनाका सम्बन्धमा छलफल गर्न प्रोत्साहित गर्छ र हामीलाई नैतिक दुविधा समाधान गर्न सबल बनाउँछ।

यसले हामीलाई Semperit भित्र नैतिकतासम्बन्धी कागजात, सेवा र अन्य स्रोत भेट्टाउन पनि मद्दत गर्छ।

यो आचारसंहिताले नैतिकताका सम्बन्धमा निर्णय बनाउनका लागि स्पष्ट मार्गदर्शन र आधार प्रदान गर्छ। के सही के गलत हो।

## ध्यान दिनुहोस्


→ यो आचारसंहिताले हाम्रो धारणालाई प्रतिस्थापन गर्दैन। Semperit भित्र र व्यवसायसम्बन्धी सबै बाह्य वातावरणहरूमा लागू हुने बन्धनपूर्ण नियम र नियमहरू पालना गर्नका लागि हामी सबै जना जिम्मेवार छौं। हामी अखण्डताका साथ काम गर्छौं। हामी हाम्रा व्यसायिक साझेदारहरूबाट पनि उस्तै खाले नैतिकता र अनुपालना गर्ने व्यवहार अपेक्षा गर्छौं।

## जिम्मेवार व्यवसायिक आचरण कायम राख्नमा हाम्रो प्रतिबद्धता

हामी अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी मापदण्ड, श्रमसम्बन्धी सर्त तथा वातावरण र भ्रष्टाचारविरुद्धको लडाइलाई सम्मान गर्नमा प्रतिबद्ध छौं।


अन्तर्राष्ट्रिय महासन्धि, घोषणा र मार्गदर्शनहरूले हामीलाई नैतिकताका साथ व्यवसाय गर्नमा सघाउँछ:

- संयुक्त राष्ट्रसङ्घको मानव अधिकारको विश्वव्यापी घोषणा
- अन्तर्राष्ट्रिय श्रम संस्थाका मुख्य महासन्धि
- आधुनिक दासत्व ऐन
- संयुक्त राष्ट्रसङ्घको व्यवसाय र मानव अधिकारलाई मार्गदर्शन गर्ने सिद्धान्तहरू
- संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी करार।



# Semperit का संस्थागत मान्यताहरू

हाम्रा Semperit का संस्थागत मान्यताहरू भनेका हाम्रो संस्थाका मुख्य कुराहरू हुन्। ती मान्यताहरू हाम्रा दैनिक कार्यमा लागू गरिन्छन् र तिनले Semperit ब्रान्डको प्रतिनिधि गर्छ: जुनसुकै बेला नैतिक व्यवसायिक आचरण।







**हामी विश्वास गर्छौं**
हामी जोसुकै भए तापनि र जहाँसुकैबाट आए तापनि एक अर्कासँग सहकार्य गर्छौं र एक अर्काप्रति आभार व्यक्त गर्छौं। हामी निष्ठावान छौं र खुला रूपमा र सम्मानपूर्वक सञ्चार गर्छौं। हामी भरपर्दो काम गरेर र आफ्ना गल्तीहरूबाट सिकेर विश्वास बढाउन सक्छौं।

**हामी सिर्जना गर्छौं**
हामी हाम्रा ग्राहकका आवश्यकताअनुसार स्मार्ट र नवप्रवर्तनीय प्रक्रिया र उत्पादनहरू विकास गर्छौं। हामी आज र भविष्यका लागि समाधानहरू तयार पारेर मान्यता दिन्छौं। हामी परिवर्तन गर्न प्रोत्साहित गर्छौं र परिवर्तनलाई अङ्गाल्छौं।







**हामी स्वामित्व लिन्छौं**
हामी जिम्मेवारी लिन्छौं र हाम्रा कार्यहरूप्रति समर्पित छौं। हामी समान विश्वासका लागि जाग्छौं र परिणामका सम्बन्धमा उच्च अपेक्षा राख्छौं। उत्साहले हामीलाई परिवर्तन गर्न प्रेरित गर्छ।

**हामी प्रदान गर्छौं**
सबै कुरा ग्राहकबाटै सुरु हुन्छ। उहाँहरूका दृष्टिकोणबाटै हाम्रो विचार सुरु हुन्छ। हामी सुन्छौं। र हामी वचन दिइएका समाधान र उत्पादनहरू प्रदान गर्छौं। हामी बलियो साझेदार हौं – आन्तरिक र बाह्य।

# यो आचारसंहिता मेरो लागि बनाइएको हो?

**हो।** अहो । यो आचारसंहिता हाम्रा सबै कर्मचारी, अस्थायी नियुक्ति भएका व्यक्ति, फ्रिल्यान्सर, निर्देशन र बोर्डका सदस्यहरूका लागि लागू हुन्छ। भूमिका र पद महत्त्वपूर्ण छैन। असल सोच विचार गर्नु र यो आचारसंहिता पालना गर्नु हामी सबैको जिम्मेवारी हो।

यो आचारसंहिता यो कम्पनीले अधिकांश रुचि स्वामित्व गर्ने वा सञ्चालन व्यवस्थापन गर्ने सबै नियन्त्रित उपकम्पनी र संस्थाहरूमा लागू हुन्छ।

यस आचारसंहिताका सिद्धान्तहरू हाम्रा सबै व्यवसायिक साझेदारहरू (ठेकेदार, सल्लाहकार, एजेन्ट, आपूर्तिकर्ता, ग्राहक, वितरक र अरू) का लागि पनि लागूयोग्य हुन्छ। हाम्रा सम्झौताले बाँधिएका सम्बन्धहरूमा विचार गर्नु पर्ने हुन्छ।

हाम्रो पक्षमा काम गर्ने वा हाम्रो नामको प्रतिनिधि गर्ने व्यवसायिक साझेदारहरूलाई यो आचारसंहिता पालना गर्न अनुरोध गरिएको छ।

तपाईंले यो आचारसंहिता वा हाम्रा नीति, मार्गदर्शन वा निर्देशनहरू उल्लङ्घन गर्न पाउनुहुन्न। उल्लङ्घन गरिएको पत्ता लागेमा अनुशासकीय कारवाहीहरू अपाउन सकिन्छ र रोजगारीबाट हटाउन पनि सकिन्छ। साथै, हाम्रो व्यवसायमा लागू हुने कुनै पनि कानुन वा नियमनको उल्लङ्घन गरिएका खन्डमा आरोपित व्यक्ति र Semperit ले गम्भीर सजाय भोग्नु पर्ने हुन सक्छ र अपराधी वा नियामक मुद्दा पनि लाग्न सक्छ भन्ने कुराका बारेमा सचेत रहनुहोस्।

तपाईंलाई हाम्रा नीतिहरूका बारेमा कुनै चिन्ता वा उल्लङ्घनका बारेमा थाहा छ भने आवाज उठाउनुहोस्!

# म कर्मचारी भएकाले म बाट के कुरा अपेक्षा गरिएको छ?

यो आचारसंहिता र हाम्रा नीति, मार्गदर्शन र प्रक्रियाहरू पढ्नुहोस्, बुझ्नुहोस् र पालना गर्नुहोस्।


तपाईंको जागिरका हकमा अत्यावश्यक कुराका बारेमा जान्नुहोस्।

अनिवार्य रूपमा पूरा गर्नु पर्ने सबै अनलाइन शिक्षा र कक्षा कोठाका तालिमहरूमा उपस्थित भएर आफूलाई शिक्षा दिइराख्नुहोस्।

आफ्नो पद वा कम्पनीका एसेटको कहिले पनि दुरुपयोग नगर्नुहोस् वा तिनलाई व्यक्तिगत फाइदाका लागि प्रयोग नगर्नुहोस्।

मार्गदर्शन गर्ने नीति र प्रक्रियाहरूका सम्बन्धमा आफ्नो कामको मामिलामा र Semperit Group को स्तरमा सान्दर्भिक अन्तर्राष्ट्रिय नियमन र स्थानीय कानुनमा गरिएका परिवर्तनहरूका बारेमा सचेत रहनुहसो।

पारदर्शी रूपमा र अखण्डताका साथ निर्णय र कारबाहीहरू गर्नुहोस्।



आवाज उठाउनुहोस्! कानुन, यो आचारसंहिता वा हाम्रा नीतिहरूको सम्भावित उल्लङ्घनका बारेमा तुरुन्तै चिन्ता व्यक्त गर्नुहोस्।

तपाईंलाई सहभागी हुन निमन्त्रणा गरिएका कुनै पनि अनुसन्धानमा पूर्ण रूपमा र सत्य कुरा बताएर सहकार्य गर्नुहोस्।

# म अगुवा व्यक्ति भएकाले म बाट थप के कुरा अपेक्षा गरिएको छ?

बोलेर मात्र होइन, गरेर वा देखाएर पनि अखण्डताको व्यक्तिगत उदाहरण बन्नुहोस्।

कर्मचारीका अखण्डता योगदा-नहरूलाई वार्षिक लक्ष्यमा गन्ती गर्नुहोस्।

तपाईंको टोलीले व्यवसायिक परिणामहरू नैतिक व्यवसाय र यो आचारसंहिता पालना गरेर मात्र हासिल गर्नु पर्छ भनेर बुझेको कुरा सुनिश्चित गर्नुहोस्।



तपाईंले Semperit को पारदर्शिता र अखण्डताको संस्कृति विकास गर्नमा मुख्य भूमिका निभाउनु पर्ने हुन्छ। आफ्नो टोलीसँग आचारसंहिता सम्बन्धी विषयहरूका बारेमा खुला छलफल र प्रतिबिम्ब गर्ने समय दिनुहोस्।

हरेक कर्मचारीले प्रतिहिंसाको डरविनै सुरक्षित र खुला तरिकाले आवाज उठाउन सक्ने वातावरण बनाउनुहोस्।

गैर-अनुपालन व्यवहार को मामला मा तुरुन्त कारबाही गर्नुहोस्।

हरेक अवसरमा ईमानदारीता र दृढ विश्वा-सका साथ अखण्डता र अनुपालनाको हाम्रो संस्कृतिका बारेमा कुरा गर्नुहोस्।

सुन्नुहोस्, प्रतिबिम्ब गर्नुहोस् र प्रतिक्रिया जनाउनुहोस्। कुनै पनि प्रश्न वा चिन्ताको जवाफ दिने प्रयास गर्नुहोस्। तपाईंलाई सहायता चाहिएमा सान्दर्भिक विभागमा भर पर्नुहोस् र अनुपालना विभागमा सम्पर्क गर्नुहोस्।

# तपाईं हाम्रो व्यवसायिक साझेदार हो भने

Semperit ले व्यवसाय-देखि-व्यवसाय खण्डमा सञ्चालन गर्छ। हाम्रा ग्राहकह-रूले उहाँहरूलाई सफलता हासिल गर्न चाहिने गुणस्तर र कार्यक्षमता उपलब्ध गराउन अपेक्षा गर्छन्।

त्यसैकारण, तपाईं हाम्रो व्यवसायिक साझेदार भएकाले तपाईंले पनि उही उच्च नैतिक मापदण्ड र सिद्धान्तहरू पालना गर्नुहुन्छ भन्ने अपेक्षा राख्छौं।

हामी गुणस्तर र नैतिकताका मापदण्डहरूका आधारमा व्यवसायिक साझेदा-रहरू चयन गर्छौं र इज्जतदार व्यवसायिक साझेदारहरूसँग मात्र काम गर्छौं। हामीले कानुन र लागूयोग्य अवस्थामा यो आचारसंहिता पूर्ण रूपमा पालना नगरेका खण्डमा हामी सम्झौताहरू खारेज गर्ने र क्षतिपूर्ति लिने अधिकार सु-रक्षित गर्छौं।

हाम्रा आपूर्तिकर्ता र अन्य व्यवसायिक साझेदारहरूले विशेष गरी हाम्रा पक्षमा काम गर्दा वा हाम्रो नाम लिएर काम गर्दा उहाँहरूलाई यो आचारसंहिता पालना गर्न अनुरोध गरिन्छ।



# तपाईं मार्गदर्शन प्राप्त गर्न कहाँ जान सक्नुहुन्छ (Semperit को उजुरी गर्ने तरिका)?

## सही कार्य गर्नुहोस्

तपाईं यो आचारसंहिता वा अन्य नीतिहरू पालना नगरेको कुराको साक्षी बन्नु-भयो वा आशङ्का गर्नुभयो भने द्रुत रूपमा प्रतिक्रिया दिनुहोस्। तपाईं एक्लो हुनुहुन्न भन्ने कुरा बुझ्न महत्त्वपूर्ण छ। Semperit संस्थामा सामना गर्ने समस्या-हरूलाई असल विश्वासका साथ बताउने व्यक्तिलाई सहायता दिन पूर्ण रूपमा संलग्न छ। हामी यस तरिका अपनाएर कायमपूर्ण रूपमा विकास र वृद्धि गर्न सक्छौं।

तपाईंलाई सम्भावित दुराचार वा हामीले व्यवसाय सञ्चालन गर्ने तरिकाका बारेमा चिन्तित हुनुहुन्छ भने। तपाईंले यस्ता अवस्थामा उपयुक्त भएमा सुरुमा आफ्नो लाइन प्रबन्धक, HR वा कानुनी विभागमा सम्पर्क गर्नु पर्छ। तपाईंका चिन्ता थप जटील भएमा तपाईं SemperLine समस्या रिपोर्ट गर्ने हटलाइन प्रयोग गर्न सक्नुहुन्छ।

सल्लहा, जानकारी पाउन वा हस्तक्षेपका सम्बन्धमा कृपया यहाँ सम्पर्क गर्नु-होस्:

**हाम्रो संस्थामा प्रबन्धक र वरिष्ठ नेतृत्व**
उहाँहरू सामान्यतया हाम्रो संस्थाका व्यवसायिक गतिविधिमा लागू हुने कम्प-नीका मार्गदर्शनहरूका बारेमा सबैभन्दा बढी ज्ञान भएका मान्छेहरू भएकाले उहाँहरू प्रश्नका जवाफ दिन उपलब्ध छन्।

**मानव स्रोत विभाग**
हाम्रा मान्यता, रोजगारसम्बन्धी नीति, लाभ र कार्यस्थलसम्बन्धी समस्या (उत्पीडन, दादागिरी, भेदभाव, आदि) का बारेमा प्रश्नहरूको व्याख्या गर्न र जवाफ दिन सक्छन्।

**अनुपालना विभाग**
यो आचारसंहिताको वर्णन र व्याख्यान् दिनमा मद्दत गर्न सक्छ। यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन र नियमहरू पालना गर्दै Semperit को पक्षमा व्यवसाय गर्ने सम्बन्धमा मार्गदर्शन पनि प्रदान गर्ने छ। यसले तपाईंलाई सहायता गर्ने छ र कम्पनीभित्र वा हाम्रा व्यवसायिक साझेदारहरूमाझ प्रतिस्पर्धासम्बन्धी कानुन, भ्रष्टाचार, जालसाजी, आतङ्कवाद गतिविधिका लागि आर्थिक सहयोग तथा मुद्रा अपचलन, हित बाझिएको, गोपनीयता र व्यक्तिगत डेटाको सुरक्षा र अनैतिक व्यवहारका सम्बन्धमा प्रश्नका जवाफहरू दिन मद्दत गर्छ।

**स्वास्थ्य, सुरक्षा, वातावरण र गुणस्तर (HSE-Q) विभाग**
तपाईंलाई Semperit स्वास्थ्य तथा सुरक्षा, वातावरण, ऊर्जा र गुणस्तरसम्ब-न्धी नीति बुझाउन मद्दत गर्न सक्छ।

**दिगोपन विभाग**
तपाईंलाई हाम्रा दिगोपनसम्बन्धी रणनिति र शासन प्रणालीसम्बन्धी लक्ष्यहरू पालना गर्ने तरिकाका सम्बन्धमा मार्गदर्शन चाहिएका बेला सहायता प्रान गर्न सक्छ: स्रोत, स्वासथ्य तथा सुरक्षा, वातावरण, ऊर्जा र गुणस्तर व्यवस्थापन गर्ने गतिविधि

→ हामी Semperit मा सबै जनालाई खुला तरिकाले बोल्न प्रोत्साहित गर्छौं। हामी SemperLine प्रदान गर्छौं – तपाईंले अन्य साधारण तरिका अपनाउन नसक्ने अवस्थामा चिन्ता र प्रश्नहरू सेयर गर्ने सुरक्षित र गोप्य च्यानल।



## आवाज उठाउनुहोस्!

**SemperBox — हामीलाई पत्र पठाउनुहोस्**
तपाईं आफ्नो उत्पादन क्षेत्रमा स्थित SemperBox पनि प्रयोग गर्न सक्नुहुन्छ। हामी गोप्यताका साथ र अनुरोध गरिएका अवस्थामा नाम नखुलाइकनै सक्दो होसियार भएर तपाईंको मामिला सम्हाल्ने छौं।

**SemperLine — समस्या रिपोर्ट गर्ने सुरक्षित हटलाइन**
तपाईं कुनै गलत कार्यका बारेमा रिपोर्ट गर्न, चिन्ताहरू व्यक्त गर्न वा कुनै प्रश्न सोध्न चाहनुहुन्छ तर सञ्चार गर्ने सामान्य तरिका अपनाउन नसक्ने अवस्थामा SemperLine प्रयोग गर्न सक्नुहुन्छ।

तपाईं आफू वा अरूप्रति निर्देशित कुनै पनि गलत कार्य, घटना वा उल्लङ्घनका बारेमा रिपोर्ट गर्नका लागि जुनसुकै बेला SemperLine प्रयोग गर्न सक्नुहुन्छ। “SemperLine” प्रयोग गर्न सजिलो, सुरक्षित र गोप्य छ। यसलाई जुनसुकै बेला सबै कर्मचारीहरूका साथै बाह्य पक्षहरूले पनि प्रयोग गर्न सक्छन्। तपाईं चाहनुहुन्छ भने आफ्नो नाम नखुलाउन सक्नुहुन्छ तर तपाईंले आफ्नो पहिचान खुलाउने निर्णय लिनुभयो भने तपाईंको रिपोर्ट दृढ रूपमा गोप्य रहने छ भन्ने कुरा सुनिश्चित गरिएको छ।

तपाईं कर्मचारीले गरेका वा कर्मचारीलाई गरिएको कुनै उत्पीडन, दादागिरि, भेदभाव, गलत कार्य, भ्रष्टाचार, जालसाजी, नष्ट, दुरुपयोग, दुराचार वा दुष व्यवस्थापनका बारेमा सचेत हुनुहुन्छ वा त्यस्ता गतिविधिका बारेमा जानकारी छ भने हामीलाई सम्पर्क गर्नुहोस्!

**थप विवरण चाहिएमा कृपया निम्न पढ्नुहोस्:**
समस्या रिपोर्ट गर्ने सम्बन्धमा जानकारी
तपाईंले रिपोर्ट पेस गर्नुभयो भने के हुन्छ?



# व्यवसायको अखण्डता र अनुपालना

व्यवसायको अखण्डता र अनुपालना भनेका हाम्रा दिगोपनसम्बन्धी रणनीतिका मुख्य कुराहरू हुन्। संस्तागत अखण्डता विश्वव्यापी रूपमा लागू हुन्छ। हामी हाम्रो व्यवसाय सञ्चालन गर्ने क्रममा सर्वोच्च स्तरको अखण्डता कायम राख्न संघर्ष गर्छौं।

नैतिका र अनुपालना भनेका औपचारिकता वा जोखिम व्यवस्थापन गर्ने अभ्यास मात्र होइनन्। हामी यिनलाई राम्रो व्यवसाय गर्ने र ग्राहक, कर्मचारी, भेन्डर, हिस्सेदार र अन्य हिस्सेदारहरूबाट विश्वास र ईमान कमाउने अवसरका रूपमा लिन्छौं।

हाम्रा संस्थागत मान्यताहरू, व्यवसायको अखण्डता र अनुपालनासम्बन्धी सिद्धान्ताहरूका आधारमा यो आचारसंहिताले हामी Semeprit का कर्मचारीहरू भएका नाताले पालना गर्नु पर्ने र हाम्रा व्यवसायिक साझेदारले पनि सम्मान र पालना गर्नु पर्ने मार्गदर्शन र बेवास्ता गर्न नमिल्ने आधारभुत नियमहरू सिर्जना गर्छ।

हामीले आचारसंहिताको सामग्रीका बारेमा जान्ने, उपलब्ध गराइएका टुलहरू प्रयोग गर्ने र आवश्यक परेका खण्डमा व्यवसायसम्बन्धी उपयुक्त आचरणका सम्बन्धमा मार्गदर्शन माग्ने जिम्मेवारी हाम्रै हो।

उपयुक्त तालिम भनेको हाम्रो अनुपालनासम्बन्धी प्रणालीको मुख्य कुरा हो। हामीले अखण्डता र अनुपालनासम्बन्धी ईन्क्वेरी, चिन्ता व्यक्त गर्ने वा उल्लङ्घनहरूका बारेमा रिपोर्ट गर्ने सम्बन्धमा अनुपालना विभागमा सम्पर्क गर्न हिच्किचाउनुहुन्न।

गैर-कानुनी वा अनैतिक व्यवहार चिनेर र रोकेर कम्पनी र हाम्रा सहकर्मीहरूको सुरक्षा गर्नका लागि पूर्ण रूपमा तयार पारिएको अनुपालनासम्बन्धी प्रणाली परिभाषित र लागू गरिएको छ। हाम्रो अनुपालनाको प्रणाली तीन वटा आधारमा आधारित छ। हामी बोलेपछि कार्य गर्छौं र कार्य गरेर परिवर्तन ल्याउँछौं। अनुपालनाले पारदर्शिता ल्याउँछ र हामीलाई अझ राम्रा निर्णयहरू गर्न दिन्छ।

## व्यवसायको अखण्डता र अनुपालनाका तीन वटा आधार

**रोकथाम**
रोकथाम व्यवसाय विभागहरू भित्र सुरु हुन्छ जहाँ जोखिमहरू पहिचान र व्यवस्थापन गरिन्छ र निरन्तर शिक्षा र सिकाइको साथ जारी रहन्छ ताकि सबैलाई समस्याहरू पहिचान गर्न र बेवास्ता गर्न सक्षम बनाइन्छ। नीति, नियम र नियमनहरू लागू गर्ने व्यवसायको जिम्मेवारी हो।

**पहिचान**
जोखिमको निर्धारण, अडियो, रिपोर्ट र आन्तरिक र बाह्य हिस्सेदारहरूसँगको प्रत्यक्ष सम्पर्कका आधारमा अनुपालना विभागले खुला चुनौतीहरू पहिचान गर्छ। यो आचारसंहिता वा अन्य कुनै पनि नीति, मार्गदर्शन, निर्देशन, कानुन वा नियमहरूहरू उल्लङ्घन गरिएका खण्डमा हाम्रा सुपरीवेक्षक वा समूह अनुपालना विभाग (compliance!semperitgroup.com) र/वा SemperLine सँग तुरुन्तै चिन्ता व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो।

**जोखिम कम गर्ने**
पहिचान गरिएका खुला समस्याहरूका आधारमा अनुपालना विभागले जोखिम कम गर्ने कारबाहीहरू प्रक्रिया गर्छ र समूह, यसका कर्मचारी, ग्राहक र अन्य हिस्सेदारहरूका लागि भविष्यमा जोखिम कम गर्ने सम्भवतः उत्कृष्ट फलो अप उपायहरू सुझाव गर्ने कार्यमा ध्यान दिने छ।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
अखण्डता, अनुपालना व्यवस्थापन प्रणाली

### समूहका अनुपालनासम्बन्धी छ वटा सिद्धान्तहरू

**राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको पालना**

**प्रतिहिंसाको डरविनै आवाज उठाउने संस्कृतिको वृद्धि**

**निष्पक्ष प्रतिस्पर्धा प्रवर्द्धन गर्ने**




**नैतिक, पर्यावरणीय र सामाजिक हितको सम्मान गर्ने**

**भ्रष्टाचार वा अन्य अपराधी गतिविधिरहित व्यवसाय गर्नमा समर्पित**

**मानव अधिकारको सुरक्षा गर्ने**

## निष्पक्ष व्यवहार

अखण्डताले हाम्रा गतिविधिहरूको निर्धारण गर्छ। Semperit ले विश्वभरका सबै व्यवसाय र साथ-साथै उपयुक्त नैतिकता फ्रेमवर्कका अवस्थाहरूमा लागू हुने कानुन र नियमहरूको मूल्याङ्कन र पालना गर्छ। केही राष्ट्रिय कानुनहरू अन्य कानुनभन्दा कठोर भएकाले यो कम कठोर नियमहरूभन्दा यो आचारसंहिता सँधै प्रबल हुने छ।

कम्पनीभित्र र हाम्रा व्यवसायिक साझेदारहरूसँग नैतिक व्यवहार देखाउन Semperit का लागि उच्च रूपमा सान्दर्भिक र महत्त्वपूर्ण छ। हामी हामीले निर्धारण गरेका अनुपालनाका उपायहरूका सहायताले यो आचारसंहिताको विरोध गर्ने कुनै पनि कारबाही पहिचान गर्न र यसको हल गर्न सक्छौं।

हाम्रा व्यवसायिक साझेदारका भूमिका र जिम्मेवारीहरूका सम्बन्धमा व्यवसायिक सम्झौता र कारोबारहरू सो कारोबारसम्बन्धी कागजात खुलाउँदै स्पष्ट र पारदर्शी रूपमा सञ्चालन गरिनु पर्छ। Semperit ले आफ्ना एजेन्ट, आपूर्तिकर्ता र ग्राहकहरूसँगका सम्बन्धहरू निष्पक्ष रूपमा व्यवस्थापन गर्छ र लागूयोग्य कानुन र नियमहरू पालना गर्छ।

**असल निर्णय लिएमा कसैलाई हानि नपुग्ने गरी व्यवसायका आवश्यकताहरू पूरा गर्छ। यो कुरा कर्मचारी, व्यवसायिक साझेदार, हिस्सेदार र समाज आफैंमा पनि लागू हुन्छ।**

सबै व्यवसायिक कारोबार र सम्बन्धित गतिविधिहरू अखण्डताका साथ र नैतिकताका सर्वोच्च मापदण्ड पालना गरी गरिनु पर्छ।

### टिपोट

→ निष्पक्षता भनेको भेदभावरहित अनुमान गर्ने र सत्यनिष्ठा निर्णय गर्ने क्षमता हो।

## मानव अधिकार


Semperit बिना कुनै छुट बाल र दबित श्रमविरुद्ध लड्छ र उचित ज्याला, भेला हुने स्वतन्त्रता र अभिव्यक्त गर्ने अधिकारको साथ दिन्छ। भेदभाव, उत्पीडन वा संस्थागत सिद्धान्तहरूका उल्लङ्घनहरू जुनसुकै पदमा गरिएका भएतापनि हामी ती उल्लङ्घनहरू सहन गर्ने छैनौं। जानकारी, तालिम र सुधारमूलक कारबाहीले सबै ठाउँमा सर्वोच्च सामाजिक मापदण्डहरू पालना गरिएका छन् र जुनसुकै बेला मानव अधिकारको सम्मान र सुरक्षालाई प्राथमिकता दिइएको छ भन्ने कुरा सुनिश्चित गर्ने छ।

Semperit Group का सिद्धान्त र मार्गदर्शनहरू कर्मचारीहरूका लागि मात्र नभएर आपूर्तिकर्ता र अन्य व्यवसायिक साझेदारका लागि पनि लागू हुन्छन् र ती कुराहरू Semperit को वेबसाइटमा सार्वजनिक रूपमा उपलब्ध हाम्रा गोपनीयता नीति र आपूर्तिकर्तासम्बन्धी नीतिअन्तर्गत पनि पर्दछन्। यी कुराहरू भनेका व्यवसायिक सम्बन्धहरू बनाउन र कायम राख्नका लागि पालना गर्नु पर्ने पूर्व सर्त हुन्। सबै व्यवसायिक क्रियाकलापहरू UN ले मार्गदर्शन गर्ने व्यवसाय र मानव अधिकारसम्बन्धी सिद्धान्तहरू र श्रमसम्बन्धी मुख्य मापदण्डहरू (ILO) अनुसार र स्थानीय कानुन पालना गरी गरिनु पर्छ।

## सही निर्णय लिनुहोस्!

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
मानिससम्बन्धी नीति
आपूर्तिकर्तासम्बन्धी नीति

## Semperit का सिद्धान्तहरू



**कर्मचारीविरुद्ध भेदभाव** सहन गरिने छैन। Semperit ले बराबर अवसर प्रदान गर्छ।



स्वीकार गरिने अधिकतम **काम गर्ने समय का** सम्बन्धमा स्थानीय कानुनहरू पालना गरिन्छन्।



कर्मचारीहरूलाई लिखित **कर्मचारीसम्बन्धी सम्झौता** र कानुनअनुसार रेकर्ड राखिएको रोजगारीको सम्बन्धका आधारमा रोजगार दिइन्छ।



स्थानीय मार्केटका अवस्थालाई ध्यानमा राखेर उपयुक्त र निष्पक्ष **पारिश्रमिक** दिइन्छन् भन्ने कुरा सुनिश्चित गर्न निक्कै ख्याल गरिन्छ।



**बाल श्रम** र अन्य प्रकारका मानव **शोषण** सहन गरिने छैन।



कर्मचारीले **खुला रूपमा विचार** र अभिव्यक्ति व्यक्त गर्ने अधिकार।

# सामाजिक र श्रमिक मापदण्डहरू

Semperit मानव अधिकारको सुरक्षा र सर्वोच्च सामाजिक मापदण्डहरू पालना गर्ने कुरामा साथ दिन्छ। यसले विद्यमान कर्मचारीहरू राखिराख्ने र नयाँ कर्मचारीहरू आकर्षित गर्ने क्रममा हाम्रो संस्थागत संस्कृतिको मुख्य र महत्त्वपूर्ण कुरा प्रस्तुत गर्छ।

हामी हाम्रा व्यवसायिक गतिविधिहरूमा लागू हुने स्थानीय कानुन र नियमहरू कडाइका साथ पालना गर्छौं।

**बाल श्रम तथा जवान कामदारहरू**
हामी बाल श्रम र अन्य कुनै पनि प्रकारका मानव शोषण सहन गर्दैनौं। कर्मचारीहरूको उमेर राष्ट्रिय स्तरमा रोजगारीका लागि तोकिएको न्यूनतम उमेर वा अनिवार्य शिक्षा पूरा गर्ने उमेर नाघिसकेको हुनु पर्छ। यी दुई मापदण्ड बाझिएका खण्ड जुन मापदण्डअनुसार बढी उमेर नाघेको हुनु पर्छ सोही मापदण्ड लागू गरिन्छ। (UN बाल अधिकार महासन्धि, ILO महासन्धि नम्बर १३८, १८२ र ७९, ILO सिफारिस नम्बर १४६)।

**अनैच्छिक श्रम र मानव तस्करीको रोकथाम**
हामी कुनै पनि प्रकारको गैरकानुनी, दुर्व्यवहारपूर्ण वा दबित र बन्धित श्रम वा कुनै पनि प्रकारका मानव तस्करी स्वीकार गर्दैनौं (ILO महासन्धी नम्बर २९, १०५)।

**सामाजिक संवाद - सम्बद्ध, संवाद र सह-निर्धारण गर्ने स्वतन्त्रता**
हामी सामूहिक मोलमोलाइ र सम्बद्ध गर्ने स्वतन्त्रतालाई प्रोत्साहन दिन्छौं। त्यसैकारण, कामदार र कर्मचारीहरूसँग आफ्नो रोजाइको ट्रेड युनियन बनाउने र आयोजन गर्ने र त्यसमा सामेल हुने र रोजगारदातासँग उहाँहरूका पक्षमा सामूहिक मोलमोलाइ गर्ने अधिकार पाउने छन् (ILO महासन्धित नम्बर ८७, ९८, १३५ र १५४)।

Semperit ले कर्मचारीहरूका रुचि प्रस्तुत गर्ने सबै नियामक आवश्यकताहरू पूरा गर्छ र उहाँहरूलाई आफ्नो तर्क वितर्क व्यक्त गर्न दिन्छ।

**उपयुक्त ज्याला र सामूहिक सम्झौताहरू (ज्यालाको मापनसम्बन्धी सम्झौताहरू)**
Semperit ले सबै कर्मचारीहरूका हकमा मार्केटअनुसारको पारिश्रमिक सुनिश्चित गर्छ। भुक्तानी गरिने ज्याला सान्दर्भिक पर्यावरणमा तुलनात्मक पदको परम्परागत पारिश्रमिकमा आधारित हुन्छ। यसअन्तर्गत केही स्थानमा ज्यालाको मापन/सामूहिक सम्झौताहरू लागू हुन्छ।

**भेदभाव**
Semperit ले कुनै पनि प्रकारको भेदभाव स्वीकार गर्दैन।

**उत्पीडन र दुर्व्यवहार**
हरेक कर्मचारीलाई सम्मान र इज्जतका साथ व्यवहार गरिने छ।

**काम गर्ने समय**
हामी काम गर्ने अनुमति दिइएको काम गर्ने अधिकतम समयका सम्बन्धमा स्थानीय कानुनहरू पालना गरिएका छन् भन्ने कुरा सुनिश्चित गर्छौं (ILO महासन्धि नम्बर १ र १४)।

**तर्क-वितर्क र अभिव्यक्ति गर्ने स्वतन्त्रता**
हामी कुनै पनि चरणमा कर्मचारीका तर्क-वितर्क र अभिव्यक्ति गर्ने स्वतन्त्रताको पुष्टि गर्छौं।

**आपूर्तिकर्ताहरू**
Semperit ले आपूर्तिकर्ताले उच्च श्रमसम्बन्धी र सामाजिक मापदण्डहरू पालना गरेको कुरालाई सक्रिय रूपमा सहायता गर्छ। हाम्रा सिद्धान्तहरू Semperit Group को आपूर्तिकर्तासम्बन्धी नीतिमा परिभाषित गरिएका छन्।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
आधुनिक दासत्व ऐन Semperit को कथन
Semperit Group को आपूर्तिकर्तासम्बन्धी निति
मानिससम्बन्धी नीति
दिगोपनसम्बन्धी नीति



## भेदभावरहित

हामी Semperit का रोजगारीमा बराबर अवसर प्रदान गर्न प्रतिबद्ध छौं। अर्थात्, हामी हाम्रा सहकर्मी र आवेदकहरूप्रति निष्पक्ष रूपमा व्यवहार गर्छौं र कहिले पनि कुनै पनि प्रकारको गैरकानुनी भेदभावमूलक कार्यमा सामेल हुँदैनौं।

हामी सबै सम्बन्धित कानुनहरू पालना गर्छौं (ILO महासन्धि नम्बर १०० र १११, महिलाविरुद्ध भेदभावका सम्बन्धमा UN महासन्धि)। हामी रोजगारसम्बन्धी निर्णय लिँदा (जस्तै, जागिर, तालिम, तलब र प्रवर्द्धन) यी मापदण्डहरू समावेश गर्छौं। हामी जाति, रङ, लिङ्ग, उमेर, राष्ट्रिय मूल, धर्म, यौन झुकाव, लैङ्गिक पहिचान तथा अभिव्यक्ति, विवाहित स्थिति, नागरिकता, युनियन सदस्यता, राजनैतिक सम्बद्धता, अपाङ्गता, सैनिकको पद वा कानुनी रूपमा सुरक्षित गरिएका अन्य कारकका आधारमा व्यक्तिविरुद्ध भेदभाव गर्दैनौं।

## लागु पदार्थ र मदिरा



पदार्थको दुरुपयोगका सम्बन्धमा हाम्रो नियम यस्तो छ: यसले हाम्रा कर्मचारीहरूका स्वास्थ्य र सुरक्षामा हानि पुऱ्याउने भएकाले हामी यसलाई अनुमति दिँदैनौं। मदिरा सेवन गर्दा पर्फर्मेन्स बिग्रिन सक्ने वा अनुचित व्यवहार देखाउन सक्ने, अरूलाई जोखिममा पार्न सक्ने वा कानुनको उल्लङ्घन गर्न सक्ने भएकाले हाम्रा परिसरहरूमा मदिरा निषेध गरिएको छ।

हाम्रा कार्यालय वा कम्पनीका कुनै पनि कार्यक्रममा गैरकानुनी लागु पदार्थको प्रयोजन कडाइका साथ निषेध गरिएको छ। सुपरीवेक्षक वा प्रबन्धकले कुनै कर्मचारी काम गर्ने बेलामा लागु पदार्थ र/वा मदिराको नशामा भए जस्तो लागेमा उहाँले मदिरा र/वा लागु पदार्थ पत्ता लगाउने जाँच गराइन अनुरोध गर्न सक्नुहुन्छ। कर्मचारीको स्वरूप, व्यवहार वा गति जस्ता वस्तुगत लक्षणहरूका आधारमा तर्कशील रूपमा आशङ्का गर्न सकिन्छ।

## उत्पीडन र दादागिरी

हामी सबै जना एउटै पर्यावरणमा एकसाथ काम गर्न समर्पित छौं। दुर्व्यवहाररहित। Semperit ले कुनै पनि रूपमा (मौखिक, शारिरिक वा भिजुअल) उत्पादन र दादागिरी गर्न निषेध गर्छ।

## विश्वव्यापी विविधता र समावेशीकरण

Semperit विश्वव्यापी र स्थानीय व्यवसाय दुवैको उत्कृष्ट मिश्रण हो। त्यसैकारण विविधता र समावेशीकरण हाम्रो संस्कृतिको मुख्य भाग हो र Semperit को सफलताको लागि महत्त्वपूर्ण हिस्सा हो। विविध कार्यबल र समावेशित कार्यस्थल सिर्जना गर्नु भनेको हाम्रो लागि सही कुरा मात्र नभएर सृजनशीलता र नवप्रवर्तनलाई वृद्धि गर्ने रणनैतिक व्यवसायिक प्राथमिकता पनि हो। हामी विविधताबाट बल प्राप्त गर्छौं र हामी सबै पक्षमा समावेशीकरणको संस्कृति विकास गर्नमा समर्पित छौं: लिङ्ग, राष्ट्रियता, धर्म, उमेर, यौनिक झुकाव र शिक्षा।

### हामी तपाईंको कुरा सुन्न तत्पर छौं

तपाईंलाई कुनै व्यक्ति वा व्यवसायिक साझेदारले तपाईंलाई भेदभाव, दादागिरी वा उत्पीडन गरेको जस्तो लागेमा हामी तपाईंलाई तुरुन्त सो घटनाका बारेमा रिपोर्ट गर्न प्रोत्साहित गर्छौं। यसरी नै यस्ता घटनाका बारेमा थाहा पाएका सुपरीवेक्षक र प्रबन्धकहरूले सो घटनाका बारेमा तुरुन्त रिपोर्ट गर्नु पर्ने हुन्छ।

### हामी मद्दत गर्न सक्छौं!

आफ्नो सुपरीवेक्षक, लाइन प्रबन्धक, स्थानीय HR टोली र/वा अनुपालना विभाग (compliance@semperitgroup.com) मा सम्पर्क गर्नुहोस्। तपाईं उत्पीडन वा भेदभावका बारेमा रिपोर्ट गर्न SemperBox हुलाक बाकस वा SemperLine प्रयोग गर्न सक्नुहुन्छ। तपाईं चाहनुहुन्छ भने आफ्नो नाम नखुलाइकनै रिपोर्ट गर्न सक्नुहुन्छ।

अनुसन्धानका प्रक्रिया पालना गर्दै सो विषयका बारेमा तुरुन्त, तत्कालीन पूर्ण रूपमा अनुसन्धान गरिने छ।



→ हामी शङ्कास्पद अनुपालनाका चलनहरू पालना नगर्ने साझेदारहरूसँग मात्र काम गर्न प्रतिबद्ध छौँ। हामीले यो कुरा सुनिश्चित गर्नका लागि स्पष्ट रूपमा निर्धारण गरिएको व्यवसायिक साझेदारको परीक्षण गर्छौं र यसले हामीलाई सुरुमै सम्बन्धको मूल्याङ्कन गर्न मद्दत गर्छ। कुनै पनि व्यवसायिक साझेदारका लागि जिम्मेवार रहेका हरेक कर्मचारीले व्यवसायिक साझेदारको परीक्षण प्रक्रिया सुरु गर्नु पर्छ र आन्तरिक नियम र नियमनहरू पालना गरी परीक्षणहरू गर्नु पर्छ।




निजी फाइदाका लागि विश्वसनीय शक्तिको प्रत्यक्ष दुरुपयोगका रूपमा गरिने भ्रष्टाचारले व्यवसायलाई हानि पुऱ्याउन सक्छ, मार्केटमा अवरोध पार्न सक्छ र विशेष गरी हाम्रो इज्जतमा नराम्रो दाग लागन सक्छ भन्ने कुरा हामीलाई थाहा छ। त्यसैकारण हाम्रा उत्पादन र सेवाहरूका गुणस्तरका आधारमा ग्राहक र व्यवसायहरूको मन जित्नमा प्रतिबद्ध छौं र हामी कहिले पनि घुस लेनदेन वा अन्य गैरकानुनी गतिविधि गरेर मन जित्न चाहन्नौं।

**तपाईंको राय वा निर्णयलाई प्रभाव पार्न सक्ने कुनै पनि प्रस्ताव अनुरोध, वाचा नगर्नुहोस्, नदिनुहोस् वा स्वीकार नगर्नुहोस्।**

कुनै पनि रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रस्ताव तथा भुक्तानी गर्न, लालच देखाउन वा घुस लिन निषेध गरिएको छ।

कुनै पनि व्यक्ति वा संस्थाबाट आर्थिक फाइदा पाउने स्पष्ट वा अस्पष्ट सर्तसहित घुस भनेर तोक्न सकिने कुनै पनि प्रकारको भुक्तानी (नगद वा अन्यथा) प्राप्त गर्न, प्रस्ताव गर्न वा अनुरोध तथा स्वीकार गर्नुहुन्न।

कुनै व्यक्तिलाई प्रभाव पार्नका लागि सुविधाको भुक्तानी गर्नु भनेको पनि घुस दिनु हो र यस्ता प्रकारका भुक्तानी गर्नु हुँदैन।

**सार्वजनिक अधिकारीहरू**

सार्वजनिक अधिकारी र राज्यले स्वामित्व गरेका उद्यमहरूका हकमा निश्चित निरोध देखाउनु पर्ने हुन्छ। हामी घुस भनेर तोकिन सक्ने कुनै पनि प्रकारको कारबाही, उपहार वा मनोरञ्जन गर्ने वा दिने अनुमति दिँदैनौं। सानो फाइदालाई पनि घुस वा निर्णय गर्ने कार्यमा प्रभाव पार्न सक्ने कुराका रूपमा मान्न सकिने भएकाले सार्वजनिक अधिकारीहरूसँग कारोबार गर्दा विशेष ध्यान दिनुहोस्। आन्तरिक नियम र स्थानीय कानुन पालना गर्नुहोस्। सार्वजनिक अधिकारीहरूसँग एक्लै नभेट्नुहोस्।

**राजनैतिक योगदान, अनुदान र प्रायोजन**

Semperit ले (प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा) राजनैतिक दल, संस्था र राजनितिज्ञहरूलाई योगदान दिँदैन।

सामाजिक रूपमा सक्रिय कम्पनी भएका नाताले Semperit ले दिगोपनसम्बन्धी परियोजनाहरूमा योगदान दिन्छ र दिगोपनसम्बन्धी अत्याधुनिक प्रक्रियाहरू विकास गर्छ। हामी संस्थागत प्रायोजन प्रदान गर्न र परोपकारी अनुदानहरू गर्नमा पारदर्शी छौं। अनुदानको रकम कानुनी दायराभित्र पर्नु पर्छ।

आन्तरिक रूपमा अग्रिम अनुमदोन पाएपछि मात्र अनुदान र प्रायोजनहरू गर्न पाइन्छ। यी कुरा लिखित सम्झौताका आधारमा र कर कटौती हुने ग्यारेन्टीका रूपमा मात्र प्रदान गर्न सकिन्छ। प्रापकहरूको इज्जत र उद्देश्यहरू हाम्रा मान्यता र यो आचारसंहिताअनुसार मिल्नु पर्छ।

**तेस्रो पक्षीय भुक्तानीहरू**

Semperit का लागि प्रतिनिधि गर्ने वा यसको पक्षमा काम गर्ने तेस्रो पक्षीय एजेन्ट, सल्लाहकार, वितरक वा अन्य कुनै पनि तेस्रो पक्षीय प्रतिनिधिहरू (सामूहिक रूपमा "तेस्रो पक्ष" भनिन्छ) लाई Semperit को पक्षमा भ्रष्टाचारमूलक भुक्तानीहरू गर्न निषेध गरिएको छ। Semperit को पक्षमा काम गर्नका लागि तेस्रो पक्षले जागिर दिएका उप-ठेकेदारहरूका लागि पनि यी कुरा निषेध गरिएका हुन्छन्।

**उपहार, आतिथ्य सत्कार र कार्यक्रमहरू**

उपहार, आतिथ्य सत्कार वा कार्यक्रमहरूका निम्तो ("लाभ" हरू भनिन्छन्) स्वीकार गर्ने कुरालाई समानता, पारदर्शिता, मान्यता र बारम्बारता जस्ता कारकहरूद्वारा प्रभावित हुन्छन्।

Semperit ले उपहार, आतिथ्य सत्कार र कार्यक्रमसम्बन्धी मार्गदर्शनहरूमा तोकिएअनुसार लाभहरू स्वीकार/प्रदान गर्ने र दिइएका वा प्राप्त गरिएका लाभहरूको रेकर्ड राख्ने कुराका सम्बन्धमा नियमहरू निर्धारण गरेको छ।

लाभहरू उचित, परम्परागत हुनु पर्छ र उच्च सम्मान दिएको जनाउने कुराका रूपमा मात्र स्वीकार गरिनु पर्छ।

हाम्रो व्यवहार वा निर्णयमा प्रभाव पार्नका लागि कुनै लाभ दिइएका खण्डमा हामीलाई सो लाभ अस्वीकार गर्न प्रोत्साहित गरिएको छ। कुनै व्यक्ति वा संस्थाको व्यवहार वा निर्णय परिवर्तन गर्ने उद्देश्यका साथ यस प्रकारका लाभहरू प्रस्ताव गर्न निषेध गरिएको छ।

नगद वा नगद बराबरका लाभ प्रस्ताव वा स्वीकार गर्न कडाइका साथ निषेध गरिएको छ।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**

भ्रष्टाचारविरोधी मार्गदर्शन
उपहार, आतिथ्य सत्कार र कार्यक्रमसम्बन्धी मार्गदर्शनहरू
Semperit को व्यवसायिक साझेदारको परीक्षणसम्बन्धी मार्गदर्शन

# हित बाझिने अवस्था

हामी इमान्दार छौं र सँधै कम्पनीको फाइदा हुने कार्य गर्छौं। त्यसैकारण, निजी हित वा सम्बन्धहरूले पेसागत निर्णयमा प्रभाव पार्नु हुँदैन। तपाईंका निजी हितहरू Semperit का हितमा काम गर्ने तपाईंको जिम्मेवारीसँग बाझिएका बेला हित बाझिने अवस्था खडा हुन्छ। "व्यक्तिगत हित" भनेको निजी हुन सक्छ वा तपाईंको परिवार, साथी वा तपाईं सामेल भएका अन्य संस्थाहरूका हितबाट पनि प्रकट हुन सक्छ।

कर्मचारी वा कर्मचारीको नजिकको पारिवारिक सदस्यले Semperit, ग्राहक, आपूर्तिकर्ता, कर्मारी (विद्यमान वा सम्भवत:) वा प्रतिस्पर्धीहरूसँग Semperit प्रतिको कर्मचारीको जिम्मेवारीको पर्फर्मेन्स भङ्ग गर्ने वा भङ्ग गरेको जस्तो देखिने कुनै पनि प्रकारको व्यवसायिक, आर्थिक वा अन्य सम्बन्धहरू गाँसिएको हुनु हुँदैन।

हित बाझिने अवस्था स्पष्ट रूपमा नदेखिन सक्छ (तपाईं हित बाझिएको अवस्थामा भए जस्तो देखिन सक्छ), सम्भवतः हुन सक्छ (तपाईं हित बाझिएको अवस्थामा हुने सम्भावना छ) वा वास्तविक हुन सक्छ (तपाईं हित बाझिएको अवस्थामा हुनुहुन्छ)।

हित बाझिने अवस्था पहिचान गर्न सँधै सजिलो हुँदैन। यस्ता अवस्था उपयुक्त रूपमा आउन नदिएमा र व्यवस्थापन गरियो भने यो अवस्थालाई नियन्त्रणमा लिन सकिन्छ। सबै प्रकारका हित बाझिने अवस्थाहरूका बारेमा कुरा गर्नु महत्त्वपूर्ण छ। तपाईंले यो अवस्था ठिकसँग हल गर्ने चरणहरू उचित रूपमा पालना गर्नु पर्ने हुन्छ।

### हित बाझिने अवस्थाहरू आउन नदिन वा व्यवस्थापन गर्नु किन महत्त्वपूर्ण छ?


- Semperit को इज्जतमा नराम्रो दाग लाग्न सक्छ।
- तपाईंले हित बाझिने अवस्थाहरू उचित रूपमा व्यवस्थापन गर्नुभयो भने तपाईं Semperit को व्यवसायलाई आफ्नो निजी हितभन्दा उच्च स्तरमा राख्नुहुन्छ भन्ने अर्थ लाग्छ।
- तपाईंले यस्ता अवस्थाहरूको व्यवस्थापन गर्नुभएन भने उत्तरदायित्व, दिगोपन र पारदर्शिता जोखिममा पर्न सक्छ।

### तपाईं हित बाझिने अवस्थाहरू कसरी चिन्न सक्नुहुन्छ?

- तपाईंले Semperit को लक्ष्य, उद्देश्य र मान्यताहरू बुझ्नु पर्ने हुन्छ।
- तपाईंले आफ्ना व्यक्तिगत हित र Semperit का हित बाझिने अवस्था छ कि छैन भन्ने कुराको समीक्षा गर्नु पर्ने हुन्छ।

### कसरी प्रतिक्रिया जनाउने?

- पारदर्शी रूपमा र अखण्डताका साथ र यथोचित कार्य गर्नुहोस्।
- निजी हित वा फाइदाका लागि आफ्नो पदको कहिले पनि दुरुपयोग नगर्नुहोस्।
- Semperit को जानकारी दुरुपयोग नगर्नुहोस् वा कम्पनी बाहिर सेयर नगर्नुहोस्।
- हित बाझिएको स्पष्ट रूपमा नदेखिने, सम्भावित वा वास्तविक अवस्थाहरूको खुलासा गर्नुहोस् र आफ्नो सुपरीवेक्षकसँग आन्तरिक नियमहरू पालना गरी ती अवस्थाका बारेमा छलफल गर्नुहोस्।



## हित बाझिएको अवस्थाका उदारणहरू:

1. **व्यक्तिगत सम्बन्धहरू**
   तपाईंले रोमान्टिक सम्बन्ध राखेको कुनै साथी, पारिवारिक सदस्य वा कुनै व्यक्तिलाई सुपरीवेक्षण गर्ने।
2. **आर्थिक हित बाझिएको अवस्था**
   Semperit सँग व्यवसाय गर्ने वा प्रतिस्पर्धा गर्ने कम्पनीमा लगानी गर्ने।
3. **व्यवसायिक अवसरहरू**
   तपाईंले Semperit मा रोजगारीका क्रममा जानकारी पाउनुभएको कुनै अवसरको फाइदा आफैं उठाउने वा हाम्रो कम्पनीसँग प्रतिस्पर्धा गर्ने व्यवसाय खोल्ने। कुनै पारिवारिक सदस्यलाई सम्भवतः व्यवसायिक साझेदारका रूपमा चिनाउने र त्यस प्रकारका कारोबारका निष्कर्ष निर्धारण गर्ने निर्णयमा प्रभाव पार्ने।
4. **पारिवारिक सदस्यहरू**
   तपाईंले हाम्रो कम्पनीमा राम्रो पदमा जागिर पाइरहनुभएको हुनाले आफ्नो परिवारको कुनै सदस्यलाई अनुचित व्यक्तिगत लाभहरू प्राप्त गर्ने अनुमति दिने। आफ्नो डाइरेक्ट रिपोर्टमा रूपमा कुनै पारिवारिक सदस्यलाई रोजगार दिने वा आफ्नो पारिवारिक सदस्यको पक्षमा भर्ना प्रक्रियालाई सहयोग गर्ने।

# बाझिएको अवस्था हल गर्ने चार वटा चरण

**चरण १**
हित बाझिएको अवस्थाहरू चिन्ने र पहिचान गर्ने।

**चरण २**
बाझिएका अवस्थामा पर्ने व्यक्तिहरूले आफ्नो सुपरीवेक्षकलाई सो अवस्थाका बारेमा सूचना दिन्छन्। आवश्यक परेमा अनुपालना विभागसँग सल्लाह गर्ने।

**चरण ३**
सुपरीवेक्षकले उपयुक्त समाधान निर्धारण गर्छ र अनुपालना विभागसँग सल्लाह गर्छ।

**चरण ४**
सुपरीवेक्षकले बाझिएका अवस्थाका परेका व्यक्तिहरूलाई परिणामका बारेमा जानकारी दिन्छ र लिखित रूपमा मार्गदर्शन प्रदान गर्छ। सुपरीवेक्षकले अनुपालना विभागसँग बाझिएको अवस्थाको हल गर्ने चरणहरू भएको कागजात सेयर गर्छ।

# मुद्रा अपचलनको रोकथाम

मुद्रा अपचलन भनेको अपराधीहरूले आफ्नो आयका नाजायज स्रोतहरू लुकाउनका लागि प्रयोग गर्ने गैरकानुनी प्रक्रिया हो। ती व्यक्तिका गैरकानुनी गतिविधिले व्याख्या गर्न वा लुकाउन नमिल्ने रकम सङ्कलन गर्छ। ती व्यक्ति सो पेसा लुकाउन र प्रहरीको नजरबाट बच्न चाहन्छन् भने उहाँले सो पैसालाई वैध कानुनी बनाउनु पर्ने हुन्छ। त्यैकारण उहाँहरू "नाजायज" रकम "अपचलन" गरेर सफा र जायज बनाउँछन्। उहाँहरू यो रकम वैध स्रोतबाट आएको जस्तो देखाउनका लागि विभिन्न व्यवसायमार्फत जटील तरिका अपनाउँछन्, ट्रान्सफर र कारोबारहरू गर्छन्। हामी वा हाम्रा परियोजनाहरू तेस्रो पक्षीय खाताहरूबाट नगद, यात्री चेक, मनी अर्डर वा भुक्तानीसहित पैसा अपचलन गर्न प्रयोग गरिँदैन भन्ने कुरा सुनिश्चित गर्नु पर्ने हुन्छ। सबै भुक्तानीहरूले करसम्बन्धी कानुन र मुद्रा अपचलनविरोधी र भ्रष्टाचारविरोधी नियमनहरू पालना गर्नु पर्छ। हामी आपूर्ति गरिएका र यथावत दर्ता गरिएका सामान र सेवाहरूका लागि र परिचय खुलाएका कानुनी व्यक्तिहरूका लागि मात्र पैसा ट्रान्सफर गर्छौं। नयाँ व्यवसायिक सम्बन्ध बनाउनुअघि हामी सो व्यवसायिक साझेदारको ब्याकग्राउन्ड जाँच गर्छौं।

हामी Semperit का कर्मचारी भएका नाताले हामी कहिले पनि:

- कुनै कारोबार वा व्यवसायिक सम्बन्धका हिस्साअन्तर्गत नपर्ने कुनै तत्वलाई भुक्तानी गर्ने छैनौं वा सो तत्वबाट भुक्तानी प्राप्त गर्ने छैनौं;
- नगद भुक्तानी स्वीकार गर्दैनौं;
- असम्बन्धित पक्षहरूसँग व्यवसाय गर्दैनौं वा ती पक्षहरू सामेल भएका कारोबार गर्दैनौं;
- असामान्य भुक्तानी विधिहरू प्रयोग गर्दैनौं;
- हाम्रा व्यवसाय सञ्चालन गर्नका लागि असामान्य वा अत्याधिक सर्त तथा नियमहरू स्वीकार गर्दैनौं;
- Semperit का मानक प्रक्रियाहरूसँग अमिल्दो व्यवहारमा ग्राहकका अर्डरहरूका हकमा ढुवानी सुविधा उपलब्ध गर्दैनौं;
- व्यवसाय गर्ने वैध कानुनी कारणविनै कम्पनी वा व्यक्तिहरूलाई भुक्तानी गर्दैनौं;
- अपराधी वा संदिग्ध व्यक्तिसँग कारोबार गर्दैनौं;
- सान्दर्भिक कागजातहरू फेरबदल वा नष्ट गर्दैनौं।

## मुद्रा अपचलनका उदाहरणहरू


1. ग्राहकले खाता खोल्नका लागि गलत जानकारी उपलब्ध गराउने प्रयास।
2. नगद भुक्तानी गर्ने वा अधिक भुक्तानी गर्ने र त्यसपछि रिफन्ड गर्ने अनुरोध गर्ने प्रस्तावहरू।
3. ग्राहकको व्यापार वा व्यवसायभन्दा असामान्य अर्डर, करिद वा भुक्तानीहरू।
4. कारोबारसम्बन्धी असामान्य रूपमा जटील ढाँचा।
5. कारोबारसँग असम्बन्धित देशहरूमा वा देशहरूबाट असामान्य रकम ट्रान्सफर।
6. रेकर्ड गर्ने वा रिपोर्ट गर्ने मापदण्ड छल्नका लागि बनाइएका हुन सक्ने कारोबारहरू।
7. नगद बराबरका सामग्री (जस्तै, क्यासियर चेक र मनी अर्डर) प्रयोग गरेर असामान्य रूपमा अत्याधिक भुक्तानी गर्ने।
8. उत्पादनहरू खरिद गरेर र त्यसपछि रद्द गरेर सामग्री खरिद गर्ने तरिका।

**→ अनुपालना र कानुनी वभिागमा यस प्रकारका कुनै पनि अव-स्थाका बारेमा जानकारी दिनु पर्ने हुन्छ।**

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
Semperit को व्यवसायिक साझेदारको परीक्षणसम्बन्धी मार्गदर्शन

## मुद्रा अपचलन प्रक्रिया

यी तीनवटै चरण पूरा नगरिकनै वा केही चरणहरू संयोजन गरी वा बारम्बार दोहोर्‍याएर मुद्रा अपचलन गरिएको हुन सक्छ।




**1. नियोजन**

अर्थात्, अपराधसँग प्रत्यक्ष रूपमा सम्बन्धित पैसा जायज आर्थिक प्रणालीमा समावेश गरेर सो पैसाको ट्रान्स्फर गर्ने।

**2. लेयरिङ**

अर्थात्, विभिन्न कारबार र बुककिपिङका विभिन्न उपायहरू अपनाएर पछ्याउने काम रद्द गर्न छाप लुकाउने।

**3. एकीकरण**

अर्थात्, अपराधीले वैध कानुनी खाताबाट पैसा झिक्न सक्छ - पैसा अपचलन गरी सफा बनाइएको छ।

# इन्साइडर नियमहरू

हाम्रो काममार्फत हामीसँग Semperti Group, यसका ग्राहक, प्रतिस्पर्धी वा अन्य तेस्रो पक्षहरू (जस्तै, सार्वजनिक रूपमा घोषणा नगरिएका व्यवसायिक योजनाहरू वा व्यवसायका गोप्य कुराहरू) का बारेमा महत्त्वपूर्ण, गैर-सार्वजनिक जानकारी हेर्ने तथा प्रयोग गर्ने अनुमति पाउन सक्छौं।


यस्ता जानकारीका केही हिस्सा क्यापिटल मार्केटसम्बन्धी कानुनअनुसार "इन्साइडर जानकारी" भन्न सकिन्छ: इन्साइडर जानकारी भनेको एक वा बढी कम्पनी वा आर्थिक उपकरणसँग सम्बन्धित जानकारीको निश्चित भाग हो र सो जानकारी सार्वजनिक रूपमा खुलासा गरिएको हुँदैन र सार्वजनिक रूपमा खुलासा गरिएका खण्डमा यी कम्पनीका आर्थिक उपकरणहरूका मूल्यमा अत्याधिक घटबढ हुने सम्भावना हुन्छ। यस प्रकारका जानकारीका आधारमा Semperit Group वा अन्य कम्पनीहरूका आर्थिक उपकरणहरू (जस्ते कित्ता वा बन्ड) ट्रेड गर्न र ट्रेड गर्न सिफारिस गर्न र सो जानकारी खुलासा गर्न निषेध गरिएको छ। कुनै पनि कर्मचारी यस्ता गतिविधिमा सामेल हुनु भनेको Semperit Group का सिद्धान्तहरूका गम्भीर उल्लङ्घन हो। Semperit Group ले क्यापिटल मार्केटको अनुपालनाका सम्बन्धमा निश्चित मार्गदर्शन लागू गरेको छ।

**उदाहरण: इन्साइडर टिपिङ भनेको के हो?**
पारिवारिक सदस्य, साथी वा तेस्रो पक्षहरूसहित अधिकार नभएका व्यक्तिलाई भित्री जानकारी दिने कार्य (जसले पछि लगानी गर्नका लागि सो जानकारी प्रयोग गर्न सक्छ) इन्साइडर ट्रेडिङसँग सम्बन्धित छ। टिपिङ गैरकानुनी हो किनभने टिप प्राप्त गर्ने व्यक्तिले जानकारी सार्वजनिक रूपमा खुलासा गर्नुअघि अन्य लगानीकर्ताहरूका तुलनामा अन्यायपूर्ण फाइदा उठाउने छ। यो Semperit का नीतिहरूको गम्भीर उल्लङ्घन पनि हो।


## भित्रि जानकारी



सम्भावित व्यवसायिक
कारोबार वा नयाँ मार्केटहरू



Semperit को व्यवस्थापनमा
सम्भावित परिवर्तनहरू



सार्वजनिक बनाएमा मार्केटमा
प्रभाव पार्न सक्ने कुनै पनि जानकारी



सम्भावित नयाँ उत्पादनहरू

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
इन्साइडर अनुपालना
SemperLine

# अविश्वास र प्रतिस्पर्धासम्बनी कानुन

**अविश्वास**
हामी हाम्रो काम सञ्चालन गर्ने देशहरूका अविश्वास र प्रतिस्पर्धासम्बन्धी कानुनी प्रशासनको पालना गर्न पूर्ण रूपमा प्रतिबद्ध छौं।

प्रतिस्पर्धा गर्न प्रतिबन्ध लगाउन वा प्रतिबन्ध लगाउने प्रयास गर्न समन्वय गरिएको व्यवहार, अनौपचारिक बैठक वा औपचारिक "भद्र सम्झौता" गर्न निषेध गरिएको छ। यस प्रकारको कारोबार हुने सम्भावना देखिएमा परै बस्नु पर्छ। हाम्रा कुनै पनि कर्मचारीले निम्न कुरा गर्ने प्रयास गर्ने कुनै प्रतिस्पर्धीसँग कुनै पनि प्रकारको कुराकानी (लिखित, इलेक्ट्रोनिक वा मौखिम) गर्नुहुन्न:

- मूल्य, क्रेडिटसम्बन्धी सर्त, छुट वा रिबेटहरू (वा मूल्यसम्बन्धी अन्य हिस्सा) मा सहमति जनाउने, मिलाउने, स्थिर बनाउने वा नियन्त्रण गर्ने;
- व्यवसायसम्बन्धी संवेदनशील जानकारी सेयर गर्ने;
- सम्झौता, ग्राहक वा क्षेत्रहरू निर्धारण गर्ने;
- निश्चित ग्राहक वा आपूर्तिकर्ताहरू बाट टाढा रहेन ; वा
- कुनै पनि उत्पादनको आउटपुट वा बिक्री वा कुनै पनि सेवाको कार्यक्षेत्र सीमित गर्ने।

हामीले हाम्रो इज्जतको सुरक्षा गर्न र गैर-अनुपालना व्यवहार गरेबापत सजाय पाउनबाट रोक्नका लागि Semperit ले व्यवसाय गर्ने सबै क्षेत्रहरूमा प्रतिस्पर्धासम्बन्धी सबै कानुनअनुसार काम गर्नु पर्छ। हामी आपूर्तिकर्ता वा ग्राहकहरूलाई उहाँहरूका व्यवसायिक कारोबारहरू गर्न अनावश्यक रूपमा प्रतिबन्ध गर्दैनौं। हामी मार्केटको प्रभावशाली पद दुरुपयोग गर्न सक्ने आर्थिक रणनीतिहरू प्रयोग गर्दैनौं भन्ने कुरा सुनिश्चित गर्न हामी नै प्रतिबद्ध छौं।

**प्रतिस्पर्धात्मक जानकारी एकत्र गर्ने**
हामी प्रतिस्पर्धामा रहिरहनका लागि व्यवसाय गर्ने प्राकृतिक र आवश्यक हिस्साका रूपमा हामीले प्रतिस्पर्धात्मक जानकारी प्राप्त गर्नु पर्ने हुन्छ। हामी जिम्मेवार भएर र वैध कानुनी रूपमा जानकारी एकत्र गर्छौं।

निम्नका प्रामाणिक सार्वजनिक स्रोतहरूबाट जानकारी सङ्कलन गर्ने अनुमति दिइएका छन्:

- व्यापारसम्बन्धी कार्यक्रमहरूमा सार्वजनिक रूपमा खुलासा गरिएको जानकारी;
- आपूर्तिकर्ताका म्यानुअलहरू;
- मार्केटिङ ब्रोसरहरू;
- पत्रिका र अन्य आमसञ्चार;
- विश्लेषकका रिपोर्टहरू;
- ट्रेड प्रकाशनहरू;
- वेबसाइट र प्रेस विज्ञप्तिहरू।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
अविश्वाससम्बन्धी नीति
SemperLine

# निर्यातसम्बन्धी नियन्त्रण र सजायहरू

हामी व्यवसाय गर्न सक्ने ठाउँ र व्यक्तिहरूका हकमा निर्यातसम्बन्धी नियन्त्रण र आर्थिक सजायहरू लागू हुन्छन्। निश्चित कानुनहरूले अधिकार भएका देशहरूलाई राष्ट्रिय सीमानाबाहिर पूँजी लेनदेन गर्ने र भुक्तानीहरू गर्ने कार्यसहित सामान र सेवाहरूको बिक्री, ढुवानी वा ट्रान्सफर नियन्त्रण गर्न दिन्छ। देश, व्यक्ति वा सामानहरूमा निर्यातसम्बन्धी नियन्त्रण र सजायहरू लागू गर्न सकिन्छ।

हामी निर्यातसम्बन्धी नियन्त्रणका कानुन र सजायहरूका सम्भावित प्रभावका बारेमा सचेत हुनु पर्छ। कुन नियन्त्रण वा सजायले हामी हाम्रो व्यवसाय कसरी गर्छौं भन्ने कुरामा प्रतिबन्ध लगाउन वा सो कुरा निषेध गर्न सक्छ र अत्याधिक




जरिवाना तिर्नु पर्ने हुन सक्छ भन्ने कुरा जान्नु पर्ने हुन्छ। हामीले हामी कुनै सजाय वा प्रतिरोधबाट प्रभावित व्यवसायिक साझेदारहरूसँग कारोबार गर्दै छैनौं भन्ने कुरा सुनिश्चित गर्नु पर्ने हुन्छ।

व्यवसायको वैधता सुनिश्चित गर्नका लागि हाम्रा व्यवसायिक साझेदारहरूले तेस्रो पक्षीय यथोचित परिश्रम प्रक्रिया पूरा गर्नु पर्ने हुन्छ: Semperit को व्यवसायिक साझेदारको परीक्षण। हाम्रा व्यवसायिक सम्बन्धबाट आउन सक्ने कुनै जोखिमका बारेमा हामी सचेत छौं र हल गर्ने तरिकाहरू अपनाउँछौं भन्ने कुरा सुनिश्चित गर्नु हाम्रो व्यक्तिगत र Semeperit को हितको कुरा हो।


**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
अन्तर्राष्ट्रिय ट्रेड प्रतिबन्धहरूका सिद्धान्तहरू
सिद्धान्तका सम्बन्धमा व्यवसायिक साझेदारको परीक्षण
Semperit को व्यवसायिक साझेदारको परीक्षणसम्बन्धी मार्गदर्शन

# जालसाजी


हामी Semperit मा कुनै पनि प्रकारको जालसाजी कार्य सहन गर्दैनौं भन्ने कुरा स्वीकार गर्छौं। जालसाजी कार्य भनेको अन्यायपूर्ण वा गैरकानुनी वित्तीय, राजनैतिक वा अन्य फाइदा पाउने जानीबुझी गरिएको कपट, चाल वा विश्वासघात हो।

→ याद राख्नुहोस् - भुक्तानीका सम्बन्धमा द्रुत कारबाही गरेर गलत प्रापकलाई रकम पठाउनुको साटो एक दिन कुरेर सबै करा उचित तरिकाले पुष्टि गर्दा राम्रो हुन्छ। अनुरोध गरिएको कारबाही निश्चित रूपमा वैध छन् भन्ने कुरा सँधै जाँच गर्नुहोस्। हामीलाई कार्यकारी बोर्डले कुनै भुक्तानी शङ्कास्पद जस्तो लागेमा सो भुक्तानी कार्यान्वयन नगर्ने पूर्ण अनुमति दिएको छ।

→ **तपाईंले जालसाजी कार्य देख्नुभयो भने आवाज उठाउनुहोस्!** आफ्नो सुपरीवेक्षकलाई र internal.controls@semperitgroup.com वा (वित्तीय जालसाजी कार्य भएमा) GroupTreasury.Vienna@semperitgroup.com वा हाम्रो समस्या रिपोर्ट गर्ने हटलाइन SemperLine मा रिपोर्ट गर्नुहोस्। शङ्का लागेमा हाम्रो आन्तरिक अनुपालना साइट मा उपलब्ध प्रक्रिया पूरा गर्नुहोस्।



भुक्तानी पठाउने क्रममा सँधै हाम्रा चाँर आँखाका सिद्धान्त पालना गर्नुहोस् - एक जना व्यक्तिले मात्र भुक्तानी गर्ने अधिकार दिन मिल्दैन।



सुरक्षासम्बन्धी डिभाइसहरू (इलेक्ट्रोनिक टोन, डोङ्गल, आदि) सेयर गर्नु हुँदैन।

## जालसाजीका प्रकारहरू

**वाह्य जालसाजी**
- कहिले पनि नगरिएका काम वा अनुचित रूपमा गरिएका कामको बिल;
- ह्याकर, फिसिङ, सामाजिक इन्जिनियरिङ;
- जालसाजी गर्ने व्यक्तिहरू Semperit का कार्यकारीका भेष धारण गर्ने र भुक्तानी गरिदिन अनुरोध गर्ने (CEO को जालसाजी);
- जाली भुक्तानी गर्ने निर्देशन।

**आन्तरिक जालसाजी**

*पेसागत जालसाजी*
भने तपाईंले व्यक्तिगत फाइदाका लागि Semperit का स्रोत वा एसेटहरू जानीबुझी दुरुपयोग गर्नु हो:
- कम्पनीका सामानको दुरुपयोग;
- धोका दिने कार्य (कुनै व्यक्तिको विश्वासमा राखिएका पैसा वा कुनै रोजगारदाताका पैसाको चोरी वा दुरुपयोग)।

*जाली बिलिङ*
- कर्मचारीले झुटो इन्भ्वाइस, दाबी वा कल्पित भुक्तानी प्रस्तुत गरेमा;
- आपूर्तिकर्ताले हामीलाई जानीबुझी बढी शुल्क लगाएमा वा कम गुणस्तरका सामान र सेवाहरू दिएमा हामी सचेत रहनु पर्छ।

*उपलब्ध गराउने सम्बन्धमा जालसाजी*
- हामीले कुनै सामान वा सेवा खरिद गर्दा सो प्रक्रियामा सामेल भएका हाम्रो कर्मचारीले कुनै लुकेको हितमा काम गर्नु।

**संस्थागत एसेटहरू**
हाम्रा एसेट र स्रोतहरू आन्तरिक नीतिहरूअनुसार जिम्मेवारीका साथ प्रयोग गरिनु पर्छ।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
जालसाजी कार्य पत्ता लगाउने र त्यसका बारेमा रिपोर्ट गर्ने
अधिकारका सीमितताहरू
भुक्तानीसम्बन्धी सुरक्षाका सम्बन्धमा मार्गदर्शन

# आन्तरिक नियन्त्रणसम्बन्धी नियमहरू

**सटीक बुककिपिङ**
हामी हाम्रा व्यवसाय र आर्थिक अवस्थाको प्रतिबिम्ब गर्ने गरी लेखा पुस्तक र रेकर्डहरू सटीक रूपमा कायम राख्छौं। कारोबारहरू इमान्दारीपूर्वक रेकर्ड गर्नु र हाम्रा रेकर्डहरू होसियारका साथ व्यवस्थापन गर्नु हामी सबैको जिम्मेवारी हो।

**चार-आँखाका सिद्धान्त**
Semperit मा कारोबार र कारोबारसम्बन्धी रेकर्डहरूको सटीकता सुनिश्चित गर्नका लागि चार आँखाका सिद्धान्त अति महत्त्वपूर्ण छ। हामी Semperit का पक्षमा आन्तरिक र बाह्य रूपमा कार्यान्वयन गर्ने सबै व्यवसायिक प्रक्रिया र कारबाहीहरू गर्दा यो सिद्धान्त लागू गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नु हाम्रो जिम्मेवारी हो। कम्तीमा पनि दुई जना प्रतिनिधिले Semperit Group को कुनै पनि तत्वमा बन्धनपूर्ण प्रभाव पर्ने गरी सबै कागजातहरूमा हस्ताक्षर गर्नु पर्ने हुन्छ।

अधिकारका सीमितताहरू
हामी अधिकारका सीमितताहरू (LoAs) मा तोकिएका नियमहरू लागू र पालना गर्छौं।

LoAs ले Semperit Group को कुनै पनि कानुनी तत्वभित्र वा कुनै तत्वको पक्षमा निश्चित व्यवसायिक निर्णयहरू गर्दा विभिन्न संस्थागत स्तरहरूका लागि अनुमिको सीमा तय गर्छन्।

LoAs ले आन्तरिक अनुमतिको प्रश्न समावेश गर्छ।

LoAs Semperit Group को कुनै पनि कानुनी तत्वभित्र वा कुनै तत्वको पक्षमा सबै व्यवसायिक निर्णयहरू गर्दा लागू हुन्छ। LoAs Semperit का सबै कर्मचारी र Semperit भित्र वा यसको पक्षमा सबै व्यवसायिक निर्णयहरू गर्ने जिम्मा दिइएका अन्य व्यक्तिका लागि लागू हुन्छ।

LoAs व्यवस्थापनका तत्व-विशिष्ट नियमहरूमा समिष्ट गरिनु पर्छ।

**व्यवस्थापनका नियमहरू (RoMs)**
Semperit Group का हरेक साधारण प्रबन्धकले बाह्य प्रतिनिधि (जस्तै, सम्झौतामा हस्ताक्षर गरेर) तोकेर व्यवस्थापनका निश्चित नियमहरू निर्धारण गरिएका छन् (सम्बन्धित समूहसम्बन्धी मार्गदर्शनहरू पालना गरी) भन्ने कुरा सुनिश्चित गर्नु पर्ने हुन्छ।

**आन्तरिक नियन्त्रणसम्बन्धी प्रणालीहरू (ICS)**
खण्ड, क्षेत्र वा साइज जतिसुकै भए तापनि हरेक Semperit को तत्वमा ICS लागू गरिएको हुन्छ। परिणाम स्वरूप, जागिरमा जुनसुकै पद भए तापनि सबै प्रक्रियाका हकमा र सबै कर्मचारीहरूले सम्बन्धित आन्तरिक नियन्त्रणहरू पालना गर्नु पर्ने हुन्छ। सबै जनाले आन्तरिक नियन्त्रणका बारेमा सरोकार राख्नु पर्ने हुन्छ। खास गरी आन्तरिक नियन्त्रणहरूको प्रभावकारीता सुनिश्चित गर्ने सम्बन्धमा आन्तरिक अडिटको सुपरीवेक्षणबमोजिम साधारण निरीक्षण गरिन्छ।


यधपि, सबै जनाले कुनै पनि आन्तरिक नियम र नियमहरूको उल्लङ्घनका बारेमा रिपरो्ट गर्नका लागि सम्पर्क गर्ने कुनै पनि तरिका अपनाउनु पर्ने हुन्छ।

आफ्नो सुपरीवेक्षकलाई जानकारी दिनुहोस् र internal.controls@semperitgroup.com लाई रिपोर्ट पठाउनुहोस्। तपाईं पत्र पठाउन SemperBox वा अनलाइनमा रिपोर्ट गर्न SemperLine (लिखित रिपोर्ट वा टेलिफोन कल) प्रयोग गर्न सक्नुहुन्छ वा तपाईं (+४३ १ ७९७७७२४०) वा कल गर्न वा अनुपालना विभाग (compliance@semperitgroup.com) मा इमेल पठाउन सक्नुहुन्छ।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
अधिकारका सीमितताहरू
उपलब्ध गराउने सम्बन्धमा मार्गदर्शनहरू
आन्तरिक नियन्त्रणसम्बन्धी मार्गदर्शन



## सार्वजनिक अनुसन्धानहरू




हामी कम्पनी र कानुनको हितमा पारदर्शी रूपमा काम गरेर कुनै पनि सार्वजनिक अनुसन्धान गर्नमा सहायता गर्छौं। यस्ता सार्वजनिक अनुसन्धानका सम्बन्धमा सबै विवरण वा यस्ता अनुसन्धानका दायराभित्र पर्ने प्रक्रियाहरू यहाँ उपलब्ध छन्: समर्पित सार्वजनिक अनुसन्धानसम्बन्धी मार्गदर्शन।

→ हामीले कम्पनी छाड्ने निर्णय गरे तापनि Semperit को जानकारी सुरक्षा राख्ने हाम्रो जिम्मेवारी जारी रहन्छ। हामीले यस्ता अवस्थामा Semperit को जानकारी सुरक्षित राख्न जानकारी राख्नु पर्छ र सो जानकारी कसैसँग पनि सेयर गर्नु हुँदैन।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
सार्वजनिक अनुसन्धानहरूसम्बन्धी मार्गदर्शन/साँझको बेलामा गरिने छापा



## साइबर सुरक्षा, डेटासम्बन्धी सुरक्षा र संवेदनशील जानकारी



Semperit सम्बन्धी सबै जानकारी Semperit का सम्बन्धमा मात्र हुनु पर्छ।

यस्ता सबै जानकारी डिफल्ट रूपमा गोप्य मानिन्छ र सुरक्षित राखिनु पर्छ। बाहिर खुलासा गरिने कुनै पनि जानकारी थप खुलासा गर्नुअघि सो कार्य गर्ने अनुमोदन पाउनु पर्ने हुन्छ।

Semperit को जानकारी र हाम्रा कर्मचारी, ग्राहक र स्टेकहोल्डरका गोप्य तथा व्यक्तिगत जानकारी सुरक्षित राख्नु हामी सबैको जिम्मेवारी हो। आफ्नो कामका दायित्वहरू पूरा गर्न चाहिने व्यक्तिगत डेटा मात्र प्रयोग गर्नुहोस्। सबै व्यक्तिगत डेटा कडाइका साथ गोप्य राख्नुहोस् र सुरक्षित गरिकाले व्यवस्थापन गर्नुहोस्।

खुलासा भएमा वा हराएमा हाम्रो कम्पनी, कर्मचारी, तेस्रो पक्ष र ग्राहकहरूका लागि अत्याधिक नकारात्मक प्रभाव पार्न सक्ने ट्रेडसम्बन्धी गोप्य र व्यवसायसम्बन्धी निश्चित जानकारीको थप सुरक्षा गर्नु पर्ने हुन्छ (जस्तै इन्क्रिप्ट गर्ने)। IT विभागले तपाईंलाई इन्क्रिप्सन हाल्ने उपयुक्त टुल र मापदण्डहरूका सम्बन्धमा मद्दत गर्ने छ।

हामीलाई सबै IT संस्थागत गुणस्तरसम्बन्धी मार्गदर्शन, डेटाको सुरक्षासम्बन्धी, प्राविधिक र संस्थागत उपाय र साइबर सुरक्षासम्बन्धी नीति, मार्गदर्शन र निर्देशनहरूका बारेमा थाहा छ र हामी ती कुराहरूको सम्मान गर्छौं।

Semperit ले व्यक्तिगत डेटा र गोपनीयताको सुरक्षा गर्छ। हामी डेटा सुरक्षासम्बन्धी नियमन र कानुन पालना गरी सबै व्यक्तिगत डेटा र जानकारी प्रक्रिया गर्छौं। हाम्रा उपकरणहरूमा भण्डार गरिएका हाम्रा सबै निजी जानकारीले विद्यमान मार्गदर्शनहरू पालना गरेका छन् भन्ने कुरा पुष्टि गर्नु हाम्रो जिम्मेवारी हो। तपाईं data.privacy@semperitgroup.com र cybersecurity@semperitgroup.com लाई डेटाको उल्लङ्घनका बारेमा रिपोर्ट गर्न सक्नुहुन्छ।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
डेटाको सुरक्षासम्बन्धी मार्गदर्शन
अन्तिम-प्रयोगकर्तासम्बन्धी मार्गदर्शन
मोबाइल डिभाइससम्बन्धी मार्गदर्शन
कागजातहरूको वर्गीकरण

# दिगोपन

**हामी मानिस र वातावरणको जिम्मेवारी लिन्छौं**
हाम्रा समाजहरूले हाल विभिन्न ठुला चुनौतीहरू सामना गर्दै छन् र तीमध्ये सबैबन्दा प्रथम र अग्रिम चुनौती भनेको जलवायु परिवर्तन र यसका जोखिम र परिणामहरू हुन्। चक्रिय अर्थतन्त्र (वा चक्रियता) को सिद्धान्त भनेको जलवायु परिवर्तनसँग एकदमै सम्बन्धित सबैभन्दा महत्त्वपूर्ण विषयमध्ये दोस्रो स्थानमा रहेको विषय हो; यसमा कच्चा सामग्रीको छनौट, स्रोतहरूको प्रयोजन र रिकभर गर्ने क्षमता जस्ता विभिन्न विषयहरूका समावेश हुन्छ। तर समाधान गरिनु पर्ने प्रश्नहरूले वातावरणीय प्राचलहरूसँग मात्र सम्बन्धित छेनन्। ती प्रश्नहरू जलवायु परिवर्तन र विश्वभर स्रोतको बढ्दो प्रयोजनबाट परिणामित सामाजिक परिणामहरूसँग पनि सम्बन्धित छन्। वातावरणीय सान्दर्भिक चुनौतीहरूभन्दा अतिरिक्त र वातावरणीय कानुन र नियमहरू पालना गर्ने कुराभन्दा अतिरिक्त Semperit ले सदैव बढिरहने असमानता र जनसाङ्ख्यिकी परिवर्तनका जटिलतासहित सामाजिक चुनौतीहरूमा ध्यान दिन्छ र सकारात्मक योगदान गर्नका लागि उद्देश्यमूलक गतिविधिहरू आरम्भ गर्छ।

दिगोपनको क्षेत्रमा सफलता हासिल गर्न समग्र रूपमा सोच्नु, सचेतना बढाउनु (सबै सान्दर्भिक स्टेकहोल्डरहरूमाझ) र कुनै पनि विषय ब्याकबर्नरमा राखिँदैन भन्ने कुरा सुनिश्चित गर्नु पर्ने हुन्छ। हाम्रा गतिविधि र समाधानका साथै हाम्रा उत्पादनहरूले वर्तमान र भविष्यका पिँढीहरूका लागि अवसरहरू सिर्जना गर्ने कार्यमा सेवा पुऱ्याउँछन्।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
दिगोपन

## Semperit का ESG मार्गदर्शन गर्ने सिद्धान्तहरू



# स्वास्थ्य, सुरक्षा, वातावरण र गुणस्तर

Semperit विश्वव्यापी कम्पनी भएका नाताले यसले दिगोपन आर्थिक विकासका सिद्धान्तहरू पालना गर्छ। हामी हाम्रो कम्पनीका मान्यता, विचार र सिद्धन्ताहरू पालना गर्दै एक अर्का, समाज र वातावरणप्रति जिम्मेवारी व्यवहार र सम्मानपूर्वक अन्तर्क्रिया गर्छौं। हामी हाम्रा हितका समूहहरूप्रति जिम्मेवारी रूपमा काम गर्छौं।

Semperit लाई वातावरण सुरक्षा गर्ने आफ्नो जिम्मेवारीका बारेमा थाहा छ र यो लागूयोग्य वातावरणीय कानुन र नियमनहरू पालना गर्नमा प्रतिबद्ध छ। यी कुरा हाम्रा उत्पादन र प्रक्रियाहरूमा लागू हुन्छ। हामी व्यवस्थापनसम्बन्धी उपयुक्त उपाय र अत्याधुनिक प्रविधि अपनाएर सुरक्षित र स्वस्थ्य कार्यस्थल प्रदान गर्न, वातावरण सुरक्षा गर्न, ऊर्जा र प्राकृतिक स्रोतको संरक्षण गर्न र प्रदूषण नगर्न चाहन्छौं। Semperit वातावरणीय असर सकेसम्म न्यून बनाउनमा ईच्छुक छ।

सबै खण्डमा प्राकृतिक स्रोतको प्रभावकारी र नीतिज्ञ प्रयोजन गर्न उच्च रूपमा प्राथमिकता दिइएको छ। हामी कच्चा सामग्री र ऊर्जाको खपत कम गर्न र सकेसम्म कम फोहोर र रद्दी सामान उत्पादन गर्ने लक्ष्य राख्छौं।

हामी जिम्मेवार प्राधिकरणले अनुमोदन गरेअनुसार मात्र वायु, जल र मल प्रयोग गर्छौं। उत्पादनसम्बन्धि सुविधाहरूको निर्माण, सञ्चालन, परिमार्जन वा विस्तारमा पनि यही मापदण्ड लागू हुन्छ। हामी पदार्थहरूको गैरकानुनी चुहावट रोक्ने सक्दो प्रयास गर्छौं।

हामी कानुनी प्रावधानहरू पालना गरी फोहोर व्यवस्थापन गर्छौं। तेस्रो पक्षका सेवाहरू प्रयोग गरिने अवस्थामा हामी ती सेवाहरूले वातावरणीय नियमन पालना गर्छन् र हाम्रा आन्तरिक मापदण्डहरू पूरा गर्छन् भन्ने कुरा सुनिश्चित गर्छौं।

हामी सँधै खतरनाक रसायनिक र अन्य पदार्थहरू सावधानीका साथ व्यवस्थापन गर्छौं। Semperit ले लागूयोग्य अवस्थामा हाम्रा उत्पादनहरू जिम्मेवारीका साथ उत्पादन, प्रयोग र व्यवस्थापन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्न REACH (दर्ता, मूल्याङ्कन र रसायनको प्रमाणीकरण) उद्देश्यलाई सहयोग र यसको पालना गर्छ। Semperit डाउनस्ट्रिम प्रयोगकर्ता भएकाले हाम्रो एउटा मुख्य प्राथमिकता भनेको सबै रसायनिक पदार्थहरू पूर्व दर्ता गरिएका छन् भन्ने कुरा सुनिश्चित गर्नु हो। हामी हाम्रा उत्पादनहरूमा प्रयोग गरिने रसायनिक पदार्थहरूका बारेमा सबै आवश्यक जानकारी प्राप्त गर्नका लागि हाम्रा ग्राहक




र आपूर्तिकर्ताहरूसँग गरिने सहकार्यसहित REACH निर्देशनहरू पुष्टि गर्नका लगि सहमति जनाइएको कार्यका हकमा सिफारिसहरू प्रदान गर्ने राष्ट्रिय र EU प्लेटफर्महरूसँग नजिकबाट सहकार्य गर्छौं। तपाईंलाई थप जानकारी चाहिएमा कृपया हामीलाई reach@semperitgroup.com मा सम्पर्क गर्न नहिच्किचाउनुहोस्।

हाम्रा वातावरणीय मापदण्डहरू हाम्रा सबै व्यवसायिक साझेदारहरूका लागि पनि लागू हुन्छ। हामी हाम्रा आपूर्तिकर्ता र व्यवसायिक साझेदारहरूले सम्भावित सर्वोच्च मापदण्डहरू पालना गर्छन्, आफ्नो पर्यावरणीय छाप (सामग्री, ऊर्जा, उत्सर्जन र जल) का बारेमा सचेत छन्, प्रभावकारी छन् र सबै कानुनी आवश्यकताहरू पूरा गर्छन् भन्ने कुरा अपेक्षा गर्छौं।

स्वास्थ्य र सुरक्षा भनेका मुख्य उत्तरदायित्वहरू हुन् र कहिले पनि जोखिममा पर्नु हुँदैन। ती कुराहरूले नै हामीले Semperit मा गर्ने सबै कुरालाई सञ्चालन गर्छ। हामी कर्मचारीहरू सबैभन्दा मूल्यवान् एसेटहरू हौं। हाम्रा सीप, सामर्थ्य, सृजनशील र परिवर्तन स्वीकार गर्ने स्वेच्छाले हाम्रो कम्पनी वृद्धि गर्ने नयाँ अवसरहरू प्रदान गरेको छ। हरेक कर्मचारीले आफ्ना क्षमता विकास गर्न सक्ने सकारात्मक वातावरण पाउनु Semperit को लागि महत्त्वपूर्ण छ। हामी सँधै सुरक्षालाई प्राथमिकता दिन्छौं र जोखिमहरू निर्धारण र कम गर्ने र दुर्घटनाहरू रोक्ने ("शून्य दुर्घटना" को परिकल्पनाका साथ) उपयुक्त उपायहरू अपनाएर काम गर्ने स्वस्थ्य र सुरक्षित वातावरण सुनिश्चित गर्न प्रतिबद्ध छौं। Semperit ले स्वास्थ्य र सुरक्षा योजना प्रस्ताव गर्छ र सो योजना मार्केटका समान कम्पनीहरूका समान चलनसँग मिल्छ। यसका साथै, हामी सबै कर्मचारीहरूलाई स्वास्थ्य र सुरक्षासम्बन्धी उपयुक्त जानकारी र तालिमका साथै व्यक्तिगत सुरक्षासम्बन्धी उपकरण सुनिश्चित गर्छौं। हामीले पेसागत चोट र रोग न्यूनतम राख्ने लक्ष्य बनाएका छौं।

हाम्रो स्वास्थ्यसम्बन्धी नीति हाम्रा कर्मचारीहरूका काम गर्ने शारीरिक, मनोवैज्ञानिक र सामाजिक अवस्था सुधार गर्ने कार्यमा लक्षित गरिएको छ।


**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
Semperit को स्वास्थ्य, सुरक्षा, वारावरण र गुणस्तरसम्बन्धी नीतिहरू

## बाह्य सञ्चार

→ हामी जिम्मेवार रूपमा सञ्चार गर्छौं र हामी यस प्रकारका सञ्चारले मार्केटमा पर्ने असरका बारेमा सचेत छौं।

हामी Semperit का हिस्सा भएकाले हामीले सार्वजनिक रूपमा राय व्यक्त गर्दा (हामीसँग कम्पनीका पक्षमा बोल्ने अधिकार भएको होस् वा नहोस्) हामीलाई सँधै कम्पनीसँग सम्बद्ध गराइन सक्छ। हाम्रो दर्शकले प्राय: जसो Semperit को औपचारिक कथन र Semperit को कर्मचारीले अभिव्यक्त गरेको कुनै रायबिच फरक छुटाउने प्रयास गर्दैन। हामीले सार्वजनिक रूपमा भन्ने सबै कुराले हाम्रो कम्पनी, कर्मचारी, ब्रान्ड र हामी आफैँलाई व्यक्तिगत रूपमा प्रभाव पार्न सक्छ। त्यसैकारण, हामीले विवादास्पद विषयहरूका बारेमा कमेन्ट गर्दा सावधानी अपनाउनु पर्छ। यस प्रसङ्गमा गरिने कुनै पनि क्रियाकलापका साथै खुलासा गरिनु पर्ने कुनै पनि जानकारी ग्रूपको ब्रान्ड व्यवस्थापन विभागका साथ समन्वय गरिनु पर्छ।

सार्वजनिकका रूपमा वर्गीकरण गरिएका जानकारी मात्र बाहिर खुलासा गर्न सकिन्छ र कम्पनीका औपचारिक प्रवक्ताहरुले मात्र कम्पनीका पक्षमा बोल्न सक्छन्।



## सामाजिक सञ्जाल

Semperit ले सामाजिक सञ्जाल प्रयोग गर्ने सबै जनाको अधिकारलाई सम्मान गर्छ तर सामाजिक सञ्जालका गतिविधिहरू कहिले पनि पुर्ण रूपमा गोप्य नहुने भएकाले हामीले सञ्चारका यस्ता च्यानलहरू होसियारीका साथ प्रयोग गर्नु पर्ने हुन्छ। हामीले जुनसुकै प्लेटफर्म (जस्तै, LinkedIn, Twitter, Facebook) प्रयोग गरे तापनि हामीले हाम्रा मान्यता र नीतिहरूअनुसार गतिविधि गर्नु पर्ने हुन्छ। हामीले सामाजिक सञ्जालमा धर्म वा राजनैतनिक मामिला जस्ता विवादास्पद विषयहरूका बारेमा कमेन्ट गर्दा सावधानी अपनाउनु पर्छ। हामीले हाम्रो आफ्नै प्रतीक र/वा हाम्रो कम्पनीको प्रतीकलाई नकारात्मक रूपमा प्रभाव पार्न सक्ने कुराहरू पोस्ट गर्नु हुँदैन।

हामी हाम्रो रोजगारी सम्झौता र यसमा समावेश गरिएका गोप्यताका दायित्व-हरू हामीले सामाजिक वेबमा गर्ने गतिविधिमा पनि लागू हुन्छ भन्ने कुरा याद राख्छौं। हामीले सामाजिक सञ्जालका च्यानलमा कम्पनीका आन्तरिक डेटा र जानकारी सेयर गर्नु हुँदैन। यसकै कारणला लागि, हामीले कहिले पनि हाम्रो सामाजिक सञ्जालको प्रोफाइलमा सार्वजनिक रुपमा उपलब्ध नगराइएको कुनै पनि जानकारी प्रकाशित गर्नु हुँदैन।

हामी कहिले पनि सामाजिक सञ्जालमा सार्वजनिक रूपमा सामाजिक सञ्जा-लमा आन्तरिक गुनासो वा आलोचना व्यवस्थापन गर्दैनौं वा आन्तरिक वि-वादहरू खुलासा गर्दैनौं। हामी बरु यस्ता कुराहरूलाई हाम्रा सुपरीवेक्षक र/वा सम्पर्क व्यक्ति कहाँ समन्वय गर्छौं र Semeprit को सञ्चार च्यानलहरू (SemperLine) प्रयोग गर्छौं।

साथै, हामी गोपोनीयता र प्रतिलिपि अधिकारसम्बन्धी कानुनहरू पालना गर्नमा पनि ख्याल राख्छौं। हामी हामीसँग जानकारी प्रकाशित गर्ने पर्याप्त अधिकार नभएका कुनै पनि जानकारी (डेटा, फोटो वा भिडियो) प्रकाशित गर्दैनौं। Semperit ले स्वामित्व गर्ने सामग्री (उदाहरणका लागि, लोगो) प्रयोग गर्न हामीले ग्रूपको ब्रान्ड व्यवस्थापनबाट सहमति प्राप्त गर्नु पर्ने हुन्छ। हामीले यो लोगो निजी वा आर्थिक उद्देश्यका लागि प्रयोग गर्नु हुँदैन।

हामीलाई कुनै निश्चित प्रश्न, विषय वा सामाजिक सञ्जालको पोस्टमा Semperit ले कम्पनीका रूपमा जवाफ दिनु पर्छ जस्तो लागेमा हामी आफैं जवाफ दिँदैनौं तर यसलाई ग्रूपको ब्रान्ड व्यवस्थापन कहाँ लैजान्छौं।

→ हामी कानुन पालना गर्छौं र हामीले प्रकाशित गरेका कुराका लागि हामी आफैं जिम्मेवार छौं भन्ने कुराका बारेमा सचेत गर्छौं र त्यसैकारण हामीले असल विवेक प्रयोग गर्न पर्छ। हामी अन्य कर्मचारी-लाई थर्काउन, उत्पीडन गर्न वा भेदभाव गर्नका लागि सामाजिक सञ्जालको प्रयोजन कहिले पनि सहन गर्दैनौं भन्ने कुरा हामीले बुझेका छौं।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
सामाजिक सञ्जालसम्बन्धी मार्गदर्शनहरू
कागजातहरूको वर्गीकरण

# आवाज उठाउनुहोस्!

हामी सबै कर्मचारीहरूले हाम्रा मान्यता, लागूयोग्य कानुनी प्रावधान, व्यवसायिक अखण्डता, यो आचरसंहिता र अन्य आन्तरिक मार्गदर्शन, नीति र प्रक्रियासम्बन्धी मापदण्डहरू पालना गर्छन् भन्ने कुराको अपेक्षा राख्छौं। हामीले विद्यमान नियम र नियमनहरू पालना गरिएका खण्डमा मात्र कम्पनी र यसका कर्मचारी र व्यवसायिक साझेदारहरूबाट क्षति पन्छाउन सक्छौं। त्यसैकारण तपाईं असमानता वा उल्लङ्घनहरु समयमा नै पहिचान गर्न र तुरुन्तै रिपोर्ट गर्नका लागि जिम्मेवार हुनुहुन्छ।

Semperit ले व्यवसायिक साझेदार, ग्राहक र अन्य स्टेकहोल्डरहरूले रिपोर्ट गरेका आरोपहरूलाई अति महत्त्व दिन्छ।

समस्या रिपोर्ट गर्ने प्रक्रिया भनेको भ्रष्टाचार, जालसाजी, घुसखोरी, पैसा र स्रोतको दुरुपयोग र अन्य दुराचारहरू चिन्ने, पत्ता लगाउने र रोक्ने प्रभावकारी उपाय हो।

### म कसरी आवाज उठाउन सक्छु?

तपाईं कुनै गलत कार्यका बारेमा रिपोर्ट गर्न, चिन्ताहरू व्यक्त गर्न वा कुनै प्रश्न सोध्न चाहनुहुन्छ तर सञ्चार गर्ने सामान्य तरिका अपनाउन नसक्ने अवस्थामा SemperLine(हाम्रोसुरक्षितवेबपोर्टल)वाSemperBox(हुलाकीपत्रपठाउन) प्रयोग गर्न सक्नुहुन्छ वा हामीलाई compliance@semperitgroup.com मा इमेल पठाउन सक्नुहुन्छ।

तपाईं आफू वा अरूमाथि गरिएको कुनै पनि गलत कार्य, घटना वा उल्लङ्घनका बारेमा रिपोर्ट गर्नका लागि जुनसुकै च्यानल प्रयोग गर्न सक्नुहुन्छ। तपाईं चाहनुहुन्छ भने आफ्नो नाम नखुलाउन सक्नुहुन्छ तर तपाईंले आफ्नो पहिचान खुलाउने निर्णय लिनुभयो भने तपाईंको रिपोर्ट दृढ रूपमा गोप्य रहने छ भन्ने कुरा सुनिश्चित गरिएको छ।

हामी गोप्यताका साथ र अनुरोध गरिएका अवस्थामा नाम नखुलाइकनै सक्दो होसियार भएर तपाईंको मामिला सम्हाल्ने छौं भन्ने कुराका बारेमा तपाईं सुनिश्चित हुन सक्नुहुन्छ।

### SemperBox — हामीलाई पत्र पठाउनुहोस्

SemperBox तपाईंको उत्पादनको क्षेत्रमा पनि उपलब्ध छ। स्थानीय अनुपालनाका समन्वयकहरूलाई मात्र प्रयोग गर्ने अनुमति दिइएको छ।

### SemperLine — हटलाइन

हामी कुनै पनि गलत कार्यका बारेमा रिपोर्ट गर्न SemperLine (हाम्रो अनलाइन सुरक्षित वेब पोर्टल) प्रयोग गर्न सक्छौं। “SemperLine” प्रयोग गर्न सजिलो, सुरक्षित र गोप्य छ। यसलाई जुनसुकै बेला सबै कर्मचारीहरूका साथै बाह्य पक्षहरूले पनि प्रयोग गर्न सक्छन्।

### हामीलाई इमेल पठाउनुहोस् वा कल गर्नुहोस्

तपाईं जुनसुकै बेला हाम्रो अनुपालना विभागमा कल गर्न वा हामीलाई इमेल पठाउन सक्नुहुन्छ। तपाईं यस तरिकाले आफ्नो नाम खुलाउने निर्णय लिन सक्नुहुन्छ। हामी कुनै पनि अवस्थामा तपाईंका चिन्ता वा रिपोर्ट कडाइका साथ गोप्य र उचित रूपमा व्यवस्थापन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने छौं।
इमेल: compliance@semperitgroup.com।

### हामीले आवाज उठायौं भने के हुन्छ?

अनुपालना विबागले मामिलाको विश्लेषण गर्ने छ, सो मामिलाका बारेमा अनुपालना बोर्डलाई जानकारी गराउने छ र सम्भावित हलका बारेमा सल्लाह दिने छ। अनुपालना बोर्डले सो मामिला कसरी व्यवस्थापन गर्ने भन्ने कुराको निर्णय लिने छ र आन्तरिक अनुसन्धान सुरु गर्न सक्छ। आन्तरिक अनुसन्धान समूहले गोप्यता कायम राख्ने र समस्या रिपोर्ट गर्ने व्यक्तिलाई प्रतिरोधबाट सुरक्षा गर्न बन्धित हुन्छ।

### अनुसन्धान गर्ने क्रममा गोप्यता र बेनामी रूप कायम राखिन्छ?

कुनै पनि अनुसन्धान प्रक्रियाले गोप्यता, व्यवसायिकता, स्वतन्त्रता, सामर्थ्य, निष्पक्षता, पक्षपात रहित, प्रतिरोधको रोकथाम र अनुरोध गरेबापत (जस्तै SemperLine वा SemperBox प्रयोग गर्दा) गोप्यताको संरक्षणसम्बन्धी सिद्धान्तहरू पालना गर्छ।

### हामी समस्या रिपोर्ट गर्ने व्यक्ति हुँदा हाम्रो सुरक्षा गरिन्छ?

Semperit ले प्रतिरोधविरुद्ध असल विश्वासमा आवाज उठाउने कुनै पनि समस्या रिपोर्ट गर्ने व्यक्तिको सुरक्षा गर्छ। तपाईंले कुनै प्रकारको प्रतिरोध सामान गर्नुभयो भने कृपया तुरुन्तै compliance@semperitgroup.com मा सम्पर्क गर्नुहोस्।

## हामी कसरी आवाज उठाउन सक्छौं?




तपाईं निम्न व्यक्ति वा विभागलाई सम्बोधन गर्न सक्नुहुन्छ:

1. तपाईंको लाइन प्रबन्धक
2. अनुपालना विभाग: compliance@semperitgroup.com
3. मानव स्रोत विभाग
4. SemperLine – वा हुलाकमार्फत पत्र पठाउन SemperBox

### म मार्गदर्शन प्राप्त गर्न कहाँ जान सक्छु?

तपाईंलाई आफूले धम्की पाएको जस्तो लागेमा वा कसैले तपाईंलाई जबरजस्ती हाम्रा नीति वा कानुनहरूको उल्लङ्घन गर्न लगाएमा हामीलाई सम्पर्क गर्न नहिच्किचाउनुहोस्।

तपाईंलाई कसरी व्यवहार गर्ने भन्ने कुरा थाहा छैन भने आफ्नो लाइन प्रबन्धक वा अनुपालना विभाग (compliance@semperitgroup.com) मा सम्पर्क गर्नुहोस्।

**थप जानकारी चाहिएमा कृपया पढ्नुहोस्:**
SemperLine समस्या रिपोर्ट गर्ने प्रणालीसम्बन्धी मार्गदर्शन
SemperLine मार्फत गलत कार्यका बारेमा रिपोर्ट गर्नुहोस्

# अतिरिक्त जानकारी

**Semperit AG Holding**

**साधारण परामर्श**
Franz-Michael Hohensinn
franz-michael.hohensinn@semperitgroup.com

**वरिष्ठ ग्रूप अनुपालना प्रबन्धक**
Simona H. Bosiger
simona.h.bosiger@semperitgroup.com

**अनुपालना विभाग**
compliance@semperitgroup.com
data.privacy@semperitgroup.com

**प्रमुख सूचना सुरक्षा अधिकारी**
Christian Popp
christian.popp@semperitgroup.com

**आन्तरिक नियन्त्रण (जालसाजी)**
internal.controls@semperitgroup.com

**ग्रूपको कोष (भुक्तानीसम्बन्धी जालसाजी)**
GroupTreasury.Vienna@semperitgroup.com

**ठेगाना**
Am Belvedere 10
1100 Vienna, Austria
www.semperitgroup.com

मानिसहरूलाई गरिएका सबै सन्दर्भ सबै लिङ्गका लागि मिल्दो छ।
आन्तरिक कागजात र तिनका लिंकहरू
आन्तरिक स्टेकहोल्डरहरूले मात्र हेर्न तथा प्रयोग गर्न सक्छन्।
© Semperit AG Holding

SEMPERIT